फोन नं.: ०८२-५२०२३३
दमकल ५२०३०५
५२०३२६
५२२०३६

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :-

मितिः२०७७/०९/०३

विषयः सल्लाह, सुझाव तथा पृष्ठपोषण दिई सहयोग गरिदिनहुन।

उपरोक्त सम्बन्धमा तुलसीपुर उपमनगरपालिकाले विपद् जोखिम न्यूनीकरण स्थानीय रणनीतिक कार्ययोजना (२०२०-२०३०) र स्थानीय विपद् जोखिम न्यूनीकरण नीति, २०२० निर्माण गर्न लागेको सन्दर्भमा तयार गरिएको उल्लेखित नीति तथा रणनीतिक कार्ययोजनाको मस्यौदा उपर केही सल्लाह, सुझाव तथा पृष्ठपोषण भएमा सो को व्यहोरा खुलाई तुलसीपुर उपमहानगरपालिकाको विपद् व्यवस्थापन शाखा वा कार्यालयको email ID tulsipursubmun2073@gmail.com मा सुचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र पठाई सहयोग गरिदिनहुन सबैमा हार्दिक अनुरोध छ ।

२०७७/०९/०२

चिरन्जीवी खड्का
अधिकृत स्तर छैठौं

विपद व्यवस्थापन शाखा

तुलसीपुर उपमहानगरपालिका दाङ ।

तपशिलः

विपद् जोखिम न्यूनीकरण स्थानीय रणनीतिक कार्ययोजना (२०२०-२०३०) र स्थानीय विपद् जोखिम न्यूनीकरण नीति, २०२० को मस्यौदा यसै पत्र साथ संलग्न गरिएको छ ।

# स्थानीय विपद् जोखिम न्युनीकरण नीति

# २०२०

तुलसीपुर उप-महानगरपालिका

लुम्बिनी प्रदेश

दाङ

# धन्यवाद ज्ञापन

संघीय सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ पछि आएका स्थानीय सरकार सञ्चालन ऐन २०७४ र विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ पछिल्ला महत्वपूर्ण कानुनी व्यवस्था हुन् । विपद् जोखिम न्युनीकरणका लागि मूलतः सेण्डाई कार्यढाँचा, दिगो विकासका लक्ष्यहरु, जलवायु परिर्वतन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता अनुरुप विपद् जोखिम न्युनीकरणका लागि विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति, २०७५ तर्जुमा गरी लागु भएको छ ।

समग्र विद्यमान विपद् जोखिमको न्युनीकरण तथा अन्य नयाँ सम्भावित जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्र निर्माण गर्ने दीर्घकालीन सोच र लक्ष्य हासिल गर्न सहयोग गर्ने अभिप्रायले र तुलसीपुर उप-महानगरपालिकाको विपद् जोखिमलाई दीर्घकालीन र योजनावद्ध तवरमा न्युनीकरण गर्न स्थानीय विपद् जोखिम न्युनीकरण नीति २०२०–२०३० तयार गरिएको हो ।

तुलसीपुर उप-महानगरपालिको स्थानीय विपद् जोखिम न्युनीकरण नीति तर्जुमा गर्न आर्थिक तथा प्राविधिक रूपमा सहयोग गर्ने USAID, प्राक्टिकल एक्सन नेपाल , नेपाल रेडक्रस सोसाईटी दाङ जिल्ला शाखा, परामर्शदाता संस्था CCER ललितपुर प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

त्यसैगरि यस नीति निर्माण गर्ने क्रममा आयोजित विभिन्न छलफल तथा भेलामा सक्रीय रुपमा सहभागी भइ महत्वपुर्ण राय सुझाव सहित पृष्ठपोषण प्रदान गर्नुहुने सम्पुर्ण जनप्रतिनिधी, कर्मचारीहरु र समग्र तुलसीपुर उप-महानगरपालिका स्थानीयलाई विषेश धन्यबाद ज्ञापन गर्दछु । साथै यस नीतिको कार्यान्वयनको क्रममा पनि सबै उप-महानगरबासी दाजुभाइ तथा दिदी बहिनीहरुको साथ र सहयोगको अपेक्षा गर्दछु ।

घनश्याम पाण्डे

नगर प्रमुख

तुलसीपुर उप-महानगरपालिका

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश

# कार्यकारी सारांश

नेपालको संविधान २०७२ मा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको बिषयलाई विभिन्न भाग, धारा र अनुसूचिमा उल्लेख गरिएको छ । संविधानको भाग ४ धारा ५२ (६) को प्राकृतिक साधन, श्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्युनीकरण गर्न पूर्वसूचना, पूर्वतयारी, राहत एवं पुर्नस्थापना गर्ने कुरा उल्लेख छ । नेपालको संविधान, २०७२ को अनुसूचि ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचिमा सूचिकृत गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको साझा अधिकारको सूचिमा विपद् व्यवस्थापनलाई राखिएको छ । अनुसूचि ८ ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचिमा समेटेकोले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनुपर्ने स्पष्ट छ ।

यसैगरी, अन्तर्राष्ट्रियस्तरमा विपद् जोखिम न्युनीकरणका लागि सेण्डाई  कार्यढाँचा (सन् २०१५-२०३०), दिगो विकासका लक्ष्यहरू, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता, आवधिक योजना, नीति तथा कार्यक्रम लगायतका सन्धि सम्झौतालाई समेत आत्मसात् गर्दै नेपाल सरकारले विद्यमान विपद् जोखिमको न्युनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्न विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्युनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) तयार गरी लागु गरेको छ ।

विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको लागि कानूनी तथा नीतिगत व्यवस्थापनका क्षेत्रमा नेपाल सरकारले समयानुकुल परिमार्जन गर्दै विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार सञ्चालन ऐन२०७४, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन नियमावली २०७६, विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५ र विपद् जोखिम न्युनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८ देखि २०३० लगायतका कानूनी तथा नीतिगत आधार तयार गरेको छ ।

नेपालको संविधान अनुसार  संघीय शासन व्यवस्थामा भएका तीनै तहका सरकारले आफ्नो नीति नियम ऐन कानुन बनाउने व्यवस्था  छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ । यिनै संवैधानिक र कानुनी आधारहरुमा रहेर तुलसीपुर उप-महानगरपालिकालाई विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील उप-महानगरपालिका निर्माण गर्ने दीर्घकालीन सोच र लक्ष्यका साथै तुलसीपुर उप-महानगरपालिकाको विपद् जोखिमलाई दीर्घकालीन र योजनावद्ध तवरमा न्युनीकरण गर्न स्थानीय विपद् जोखिम न्युनीकरण नीति २०२० तयार गरिएको छ ।

यस नीतिको पहिलो अध्यायमा पृष्ठभूमीको रूपमा समग्र नेपालको साथै लुम्बिनी प्रदेश, दाङ जिल्ला र तुलसीपुर उप-महानगरपालिकाको विपद् जोखिमको अवस्थाबारे संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा स्थानीय विपद् जोखिम न्युनीकरण नीति उल्लेख गरिएको छ जसमा यस नीतिको सोच, ध्येय, लक्ष्य, उद्देश्यहरु र अवधारणालाई समावेश गरिएको छ । यसै अध्यायमा उप-महानगरपालिकाको स्थानीय विपद् जोखिम न्युनीकरण नीतिलाई बिस्तृत रुपमा उल्लेख गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उप-महानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

तुलसीपुर दाङ

# Contents


अध्यायः एक ५

पृष्ठभूमि ५

अध्यायः दुई ७

विपद् जोखिम न्युनीकरण स्थानीय नीति ७

सोचः ७

ध्येयः ७

लक्ष्यः ७

उद्देश्यहरुः ७

अवधारणाः ७

अध्यायः तीन ९

नीति तथा रणनीतिहरुः ९

अध्यायः चार १४

नीति कार्यान्वयन १४

अध्यायः पाँच १५

समन्वय, अनुगमन तथा मूल्याङ्कन १५

नीति पुनरावलोकन १५

सन्दर्भ सामाग्रीहरुः १६

# अध्याय: एक

## पृष्ठभूमि

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सृजित प्रकोपहरुबाट ग्रसित छ । नेपालको कुल जनसंख्याको ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प, हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा छन् । समग्र विपद्का हिसावले नेपाल विश्वको २० औं विपद् संकटासन्न राष्ट्रमा पर्दछ ( गृह मन्त्रालय २०१७ ) । विश्वव्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं तथा जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा सुचिकृत छ (गृह मन्त्रालय २०१५)।
लुम्बिनी प्रदेशको विगतको विपद् परिदृष्यलाई नियाल्दा र यहाँ विपद्ले पुर्याएको क्षतिको अवस्थालाई हेर्दा यो प्रदेश बहुप्रकोपको उच्च जोखिममा रहेको छ । यो प्रदेश प्रमुख रुपमा प्राकृतिक तथा मानव सृजित प्रकोपका दृष्टिकोंणले संकटासन्न रहेको छ । साथै बाढी, पहिरो, सडक दुर्घटना, आगलागी, हावाहुरी, असिना, चट्याङ, ढुंगा दुर्घटना मुख्य प्रकोपका घटनाहरु हुन् (OPM 2019)।

दाङ जिल्लामा हालसम्म भूकम्पका कारण कुनै उल्लेखनिय क्षति व्यहोर्नु परेको छैन तर २०७२ साल बैशााख १२ र २९ गतेको विनाशकारी भूकम्पले यस जिल्लाका निजी तथा सार्वजनिक संरचनाहरुमा दरार पैदा गरी कमजोर पारेको कारण जोखिमको सम्भावना उच्च नैं रहेको छ ।

दाङ जिल्ला भएर बग्ने राप्ती र बबई मुख्य दुई नदी प्रणाली हुन् भने यी अन्तर्गतका ४ दर्जन बढी नदीनालाहरु यी दुई नदीमा मिसिने सहायक नदी प्रणालीहरु हुन । राप्ती नदीमा आउने बाढीले हरेक बर्ष कहिले मानवीय क्षति तथा सयौं हेक्टर जमिन कटान गर्ने क्रम निरन्तर जारी राखेको छ । २०७१ साउनमा बबई नदी र यस प्रणालीमा मिसिन आउने नदीहरुमा आएको बाढीले यस जिल्लामा १५ जनाको मृत्यु भयो । ३ जना अझै बेपत्ता छन् । ३ सय ९८ घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन् भने २०७४ मा बबई नदीमा आएको बाढीका कारण ७ जनाको मृत्यु २ जना घाईते र १ जना बेपत्ता भएको, ३५९ घर पूर्ण क्षति र २८२ घर आंशिक रुपमा क्षति भएको छ । आगलागीका कारण २०७४मा दाङ जिल्ला भित्र ६ जनाको मृत्यु भएको छ भने सयौं घर जली नष्ट भएका छन् (विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७/७८ दाङ) । जिल्लाको विगत ८ वर्षको तथ्यांक हेर्दा जिल्लामा बहुप्रकोपका कारण २४७६ घरधुरीहरु प्रभावित भएका छन् भने औषतमा ३०८ घरधुरीहरु प्रभावित भएका छन् । त्यसैगरी ९ वर्षमा भएका सवारी दुर्घटनाको अवस्थालाई हेर्दा दाङमा हरेक बर्ष १३७ वटा सवारी दुर्घटना भईरहेका छन् भने ७१ जनाको मृत्यु भइरहेको छ । सवारी र्दुघटनाका कारण मृत्यु हुनेको संख्यामा बृद्धि भएको देखिन्छ । यस्तै हरेक बर्ष औषतमा ३ सय ९ जना दुर्घटनाको कारणले घाईते भएका छन । यी दुर्घटनामा संलग्न सवारी साधन संख्या २२६ वटा रहेका छन् (विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७/७८ दाङ)।

जिल्लाको समग्र वस्तुस्थिति हेर्दा दाङ जिल्लामा बाढीको जोखिममा रहेको छ भने दोश्रो ठूलो प्रकोपको रुपमा सडक दुर्घटना रहेको छ । त्यसैगरी आगलागी, हावाहुरी, चट्याङ, असिना माहामारी, खडेरी जस्ता प्रकोपले पनि समय समयमा क्षति पुर्याउने गरको छ । जिल्लाका अधिकांश ग्रामीण बस्तीहरुमा काँचो इट्टा र माटोले जोडेर निर्माण भएका घरहरु भूकम्पीय दृष्टिकोंणले संकटासन्न रहेका छन् भने अधिक वर्षाको कारण यस्ता घरहरु भासिने र चर्किने जोखिम छ ।
दाङ जिल्लाका १० स्थानीय तहमध्ये महत्वपुर्ण स्थानीय तहको रुपमा रहेको तुलसीपुर उप-महानगरपालिकामा अधिकांस भू-भाग समथर जमिन तथा थोरै क्षेत्र पहाडी भू-भागको रुपमा रहेको छ । महाभारत पहाड र चुरेको विचमा रहेको दाङ उपत्यकाको मध्य भागमा रहेको यस उप-महानगरपालिकामा अधिकांस वस्तीहरु समथर क्षेत्रमा रहेका छन । दाङ जिल्लाको मध्य भागमा रहेको यस उप-महानगरपालिका साविकको तुलसीपुर नगरपालिका, हलवार, टरिगाउँ, उरहरी, पवननगर, मानपुर, विजौरी, डुरुवा र फुलवारी गा.वि.स. गाभेर निर्माण भएको हो र यस उप-महानगरपालिका १९ वटा वडाहरू रहेका छन् । यसको पूर्वमा घोराही उप-महानगरपालिका, पश्चिममा शान्तीनगर

गाउँपालिका र दंगीशरण गाउँपालिका दक्षिणमा लमही नगरपालिका तथा उत्तरमा सल्यान जिल्लाका कपुरकोट तथा त्रिवेणी गाउँपालिका पर्दछन् ।

तुलसीपुर उप-महानगरपालिका विपद्को दृष्टिकोंणले संकटासन्न रहेको छ । खासगरी बबई र यसका सहायक खोला र खहरेहरुले वर्षेनी पुर्याउने क्षतिका आधारमा यस उप-महानगरपालिका भित्र सबैभन्दा बढी क्षति बाढीकै कारण देखिएको छ । त्यसैगरी सडक दुर्घटना उप-महानगरपालिकामा मानवीय क्षति पुर्याउने दोश्रो ठुलो प्रकोप हो भने तेश्रोमा पहिरो हो । तुलसीपुर उप-महानगरपालिकाका केही वडाहरु चुरे र महाभारत पर्वतसँग समेत जोडिएका छन् ती वडाहरुमा वर्षातको समयमा आउने मुसलधारे वर्षासँगै पहिरो खस्ने र माथिल्लो क्षेत्र कटान तथा तल्लो क्षेत्र पटान गर्ने समस्या रहेको छ । खासगरी उप-महानगरपालिकाको पहाडी भागमा भिरालो भौगोलिक धरातल, नाङ्गो र फुस्रो माटो तथा हिउँदमा खनिएका मोटरबाटोको कारण जमिन कमजोर भई पहिरोका घटनाहरुमा बृद्धि भएको छ । तुलसीपुर उप-महानगरपालिकामा दोहोरिइरहने प्रकोप आगलागी हो र यसका कारण समय समयमा धनजनको क्षति हुने गरेको देखिन्छ । हाल उप-महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका खरका छानो विस्थापित गर्ने नीति लिएका कारण पछिल्लो समयमा आगलागीको जोखिम न्यूनीकरण हुँदै गएको भएता पनि विद्युत सर्ट भएर लाग्ने आगलागीले खासगरी बजार क्षेत्रमा दुःख दिने गरेको छ । त्यसैगरी महामारी र रोगब्याधी यहाँको अर्को प्रकोप रहेको छ । पर्याप्त शुद्ध पिउने पानीको अभाव, सरसफाइ सम्बन्धी चेतनाको स्तरमा कमी, अव्यवस्थित बसोबास तथा जीविकोपार्जनका श्रोतको रुपमा पालिएका पशुचौपाया तथा बंगुर पालन ब्यवस्थित हुननसक्नुको परिणाम स्वरुप उप-महानगरभित्रका ग्रामिण बस्तीहरुमा महामारी र रोगब्याधी विपद् बनेर आउने सम्भावना रहेको छ ।

# अध्यायः दुई

## विपद् जोखिम न्युनीकरण स्थानीय नीति

सोचः

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील उप-महानगरपालिका निर्माण गर्दै समग्र उप-महानगरपालिकाको दिगो विकासमा योगदान पु¥याउने यस नीतिको दीर्घकालीन सोच रहेको छ ।

### ध्येयः

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोत साधनहरुका साथै व्यक्ति, समुदाय र उप-महानगरपालिको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य रुपमा कमी ल्याउनु तथा तिनीहरुको उत्थानशीलता बृद्धि गर्नु यस नीतिको ध्येय रहेको छ ।

### लक्ष्यः

विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोत साधनहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पु¥याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलता बृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु यस नीतिको लक्ष्य रहेको छ ।

### उद्देश्यहरुः

प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा कम गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ । यस नीतिका अन्य उदेश्यहरु देहाय बमोजिम रहेका छन्ः

- समुदायहरुमा विपद् जोखिमको बुझाईमा अभिवृद्धि गर्ने र समाजका हरेक वर्गमा विपद् जोखिम सम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।
- उप-महानगरपालिकाको नीति तथा कार्यक्रम तथा आवधिक योजनाहरुमा विपद् जोखिम न्युनीकरणका क्रियाकलापहरुलाई प्राथमिकताका साथ प्रस्तुत गर्ने ।
- विपद् जोखिम न्युनीकरणलाई जलवायु परिवर्तन अनुकुलका क्रियाकलापसँग समायोजन गरी विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।
- विपद् जोखिम न्युनीकरणमा सामुदायिक सहभागिता बढाई उत्थानशीलता अभिबृद्धि गर्ने ।
- विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सुदृढीकरण साथै पूर्व सूचना प्रणालीको विकास एवं बिस्तार गर्ने ।
- विपद् पश्चात्को पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण सुनिश्चित गर्ने ।

### अवधारणाः

तुलसीपुर उप-महानगरपालिकाको विपद् जोखिम न्युनीकरण नीति देहाय बमोजिमका अवधारणामा आधारित छः

(क) नेपालको संवैधानिक व्यवस्था भए बमोजिम विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन साझा अधिकार क्षेत्रको रुपमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्यका सिद्धान्तलाई अवलम्बन गर्ने ।

(ख) विपद् जोखिम सुशासनको सिद्धान्त अनुरुप सहभागिता, जवाफदेहिता र पारदर्शीताको आधारमा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गरिने ।

(ग) जोखिम सुसुचित र उत्थानशील विकासको अवधारणा अवलम्बन गर्ने ।

(घ) बहुप्रकोप लेखाजोखा र पूर्वसूचनामा आधारित विपद् पूर्वतयारी तथा प्रतिकार्यको सिद्धान्त अवलम्बन गर्ने ।

(ङ) विपद् जोखिम व्यवस्थापनमा विज्ञान तथा प्रविधिको अधिकतम प्रयोगमा आधारित स्थानीय साधन, श्रोत, ज्ञान र सीपको प्रचुर उपयोगको अवधारणा अवलम्बन गर्ने ।

(च) नवप्रवर्तनमुखी वित्तीय लगानीको अवधारणा अवलम्बन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने ।

(छ) विपद् पश्चातको पुनर्स्थापना र पुननिर्माण तथा पुनर्लाभका क्रियाकलापहरुमा 'अझ राम्रो अझ बलियो' अवधारणा अवलम्बन गरी बहुप्रकोप जोखिम न्यूनीकरण गर्ने ।

# अध्यायः तीन

## नीति तथा रणनीतिहरुः

माथि उल्लेखित उदेश्य प्राप्तिका लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ

१. तुलसीपुर उप-महानगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गरी भू-संवेदनशीलतालाई ध्यानमा राखेर समग्र विकास निर्माण, बस्ती विकास र अन्य क्रियाकलाप सञ्चालनमा ल्याइनेछ ।

२. तुलसीपुर उप-महानगर क्षेत्रभित्रका प्रमुख जलाधार बबई, पातु, ग्वार र भमके खोला लगायतका अन्य नदी र खोलाहरुको नियन्त्रण र व्यवस्थापनका क्रियाकलाप तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३. बहुप्रकोपमा आधारित विपद् जोखिमको लेखाजोखा तथा नक्शाङ्कन गरी सोही आधारमा विपद् पूर्वतयारीका क्रियाकलापहरु निर्धारण गरी सञ्चालन गर्ने ।

४. उप-महानगरपालिकाका सबै विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालयहरु एवं सार्वजनिक भवनहरुको संरचनात्मक तथा गैर संरचनात्मक जोखिम लेखाजोखा गरी त्यस अनुरुप भूकम्पीय लगायत अन्य जोखिम न्युनीकरणका उपायहरु तत्काल अवलम्बन गर्ने ।

५. तुलसीपुर उप-महानगर क्षेत्रभित्रका प्रमुख जलाधार बबई, पातु, ग्वार र भमके लगायतका अन्य खोलाको जोखिम क्षेत्र निर्धारण गरी जोखिममा रहेका बस्तीहरु साथै तटीय क्षेत्र अतिक्रमण गरी बसेका सबै बस्तीहरु क्रमिक रुपमा स्थानान्तरण गरिनेछ ।

६. तुलसीपुर उपमहानगरमा प्रकोपका हिसाबले जोखिमयुक्त क्षेत्रभित्र रहेका बस्तीहरु क्रमिक रुपमा स्थानान्तरण गरिनेछ

७. दूर संवेदन प्रणाली भौगोलिक सूचना प्रणाली र खुल्ला श्रोत जस्ता नवीनतम प्रविधिमा आधारित आधुनिक विपद् व्यवस्थापन सूचना प्रणाली अवलम्बन गरिनेछ ।

८. विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि आधुनिक सूचना प्रविधिमा आधारित सूचना तथा सञ्चार प्रणालीको विकास गरिनेछ ।

९. स्थानीय पाठ्यक्रमको रुपमा विपद् जोखिम न्युनीकरण सम्बन्धी विषय निम्न माध्यामिक तहको पाठ्यक्रममा समाहित गरी अध्ययन अध्यापनको व्यवस्था गरिनेछ ।

१०. विपद् जोखिम सम्बन्धी बुझाईलाई अभिबृद्धि गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

११. विपद् जोखिमको अध्ययन अनुसन्धानमा राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालयहरु, बिभिन्न अनुसन्धान केन्द्रहरु, सरकारी तथा गैरसरकारी निकायहरु साथै निजी क्षेत्रहरुसँग समन्वय गरिनेछ ।

१२.उप-महानगरपालिकाका जोखिमपूर्ण वडाहरुमा विपद् सूचना केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

१३. विपत् जोखिम, विपत् रोकथाम, खोज तथा उद्धारका साथै विपद् पश्चातको पुनर्स्थापना र पुनर्निर्माणको सम्बन्धमा अनुसन्धान र क्षमता विकासको लागि तुलसीपुर उप महानगरपालिकामा एक विपद् जोखिम न्युनीकरण प्रशिक्षण केन्द्र स्थापना गरिनेछ ।

१४. समुदायस्तरको विपद् जोखिम न्युनीकरणका लागि नागरिक समूह, उपभोक्ता समिति, स्थानीय सामुदायिक संस्थाहरु, महिला समूह र समग्र समुदायको सहभागिता सुनिश्चित गर्दै आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।

१५. विपद् जोखिम न्युनीकरणका लागि समुदायस्तरमा सामुदायिक विपद् व्यवस्थापन समिति र बिभिन्न स्वयंसेवी कार्यदलहरु निर्माण र वडा कार्यालयमा सूचिकृत गरी आवश्यकता अनुसार क्षमता विकास गरिनेछ छ।

१६. समुदायस्तरीय विपद् जोखिम न्युनीकरणमा सामुदायिक तथा सहकारी संस्थाहरुको सहभागिता र लगानीलाई प्रोत्साहन गरिनेछ।

१७. विपद् जोखिम न्युनीकरण र आपतकालीन प्रतिकार्यका लागि निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।

१८. स्थानीय खोज तथा उद्धार टोलीको गठन गरी क्षमता विकास गरिनेछ।

१९. समुदायस्तरमा विपद् जोखिम न्युनीकरण गर्न सामुदायिक संस्थाहरुको भूमिकालाई प्रोत्साहन गरिनेछ।

२०. उप-महानगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी सबै क्षेत्रका सरोकारवालाहरुको संलग्नता, सहभागिता र परिचालन सुनिश्चित गर्न विषयगत क्षेत्र पद्धतिलाई अवलम्बन गरी कार्यान्वयनमा ल्याइनेछ।

२१. आपतकालीन अवस्थाका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुको व्यवसायिक निरन्तरता योजना निर्माण र कार्यान्वयन गर्न सहजीकरण गरिनेछ।

२२. आपतकालीन अवस्थामा प्रभावित समुदायलाई तत्काल सुलभ तरिकाले राहत सहयोग उपलब्ध गराउनका लागि अत्यावश्यक राहत सामग्रीहरु सहितको भण्डारगृह स्थापना गरिनेछ।

२३. उप-महानगरका सबै वडाहरुमा खुल्ला स्थानहरुको पहिचान र सूचीकृत गर्दै खुल्ला स्थानहरुको संरक्षण गरी खानेपानी तथा सरसफाइका आधारभुत सुविधाको व्यवस्थापन गरिनेछ।

२४. उप-महानगरका उच्च जोखिममा रहेको क्षेत्रमा सुरक्षित एवम पहुँचयुक्त आश्रयस्थलको निर्माण गरिनेछ।

२५. उप-महानगरका सबै वडाहरुमा खोज तथा उद्धारका लागि आवश्यक सामाग्रीहरु व्यवस्थापन गरिनेछ।

२६. विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि वार्षिक रुपमा विकास बजेटको ५ प्रतिशत बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ।

२७. विपद् व्यवस्थापन कोषको प्रबन्ध गरी छुट्टै बैंक खाता सञ्चालन गरी परिचालन गरिनेछ।

२८. हरेक वडामा विपद् व्यवस्थापन कोषको व्यवस्थापन गरिनेछ।

२९. विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तयार गरी कोष परिचालन गरिनेछ।

३०. विपद् जोखिम न्युनीकरणमा निजी क्षेत्र, वित्तीय संस्था, बीमा कम्पनी, विकास साझेदार, दातृ निकाय आदिको लगानी प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ।

३१. तुलसीपुर उप-महानगरपालिका क्षेत्रका विपद् जोखिम न्युनीकरणमा उद्योग वाणिज्य संघसँग सहकार्य गरी लगानी गर्ने वातावरण सुनिश्चित गरिनेछ ।

३२. स्थानीय प्राकृतिक श्रोतको उपभोग मार्फत संकलन हुने राजश्वको निश्चित प्रतिशत रकम विपद् व्यवस्थापन कोषमा राख्ने व्यवस्था गरिनेछ ।

३३. जीविकोपार्जनका उपायहरुलाई विविधिकरण गरि जलवायु परिवर्तन अनुकुल कृषि प्रविधिलाई प्रोत्साहन गरिनेछ ।

३४. पुनर्स्थापना, पुनर्निर्माण र पुनर्लाभका क्रियाकलापहरुमा सम्भावित जोखिम न्युनीकरणका प्रभावकारी उपायहरुको अवलम्बन गरिनेछ ।

३५. विपद् पश्चात् गरिने पुनर्लाभका कार्यमा भविष्यमा सृजना हुनसक्ने विपद् जोखिमको ख्याल गरी 'अझ राम्रो, अझ बलियो' को अवधारणा अवलम्बन गरिनेछ ।

३६. ठूला विपद्पछि पुनर्निर्माणको कार्यलाई बहुप्रकोप प्रतिरोधक र अझ बलियो बनाउन नीतिगत र संस्थागत संरचनाको निर्माण गरिनेछ ।

३७. उप-महानगर क्षेत्रभित्र पुनर्निर्माण गर्दा सुरक्षित स्थान छनोट पश्चात मात्र बस्ती निर्माणका लागि स्वीकृति दिइनेछ ।

३८. उप महानगर क्षेत्रमा सुरक्षित एकीकृत बस्ती विकासका निम्ति पूर्वाधार निर्माणमा बजेट विनियोजन गरिनेछ ।

३९. तुलसीपुर उप-महानगरपालिकाका नागरिकहरुको विपद् तथा आकस्मिक दुर्घटनाबाट हुने मृत्युको लागि सामुहिक जीवन बीमाको प्रवर्द्धन गरिनेछ ।

४०. सम्भावित विपद् जोखिमको लागि निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक एवं स्वास्थ्य सम्बन्धी संरचनाहरु, खानेपानी लगायतका अन्य भौतिक संरचनाहरुको अनिवार्य बीमा गर्न प्रोत्साहन गरिनेछ ।

४१. बिगतमा बाढीबाट प्रभावित भएका र उच्च जोखिम क्षेत्रमा रहेका समुदाय, उनीहरुको स्वामित्वमा रहेको घर, बालीनाली तथा पशु चौपायाको उचित बीमाको व्यवस्था गर्न बीमा कम्पनीहरुसँग सहकार्य गरिनेछ ।

४२. विपद् जोखिम न्युनीकरणका सबै चरण तथा संरचनामा समावेशी विपद् व्यवस्थापनको अवधारणा अनुरुप महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।

४३. उप-महानगरपालिकामा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी प्रभावकारी रुपले २४ घण्टा सञ्चालनमा ल्याइनेछ ।

४४. नगर विपद् जोखिम न्युनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सिकाई केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

४५. वडास्तरीय विपद् व्यवस्थापन समितिको क्षमता विकासका लागि तालिम सञ्चालन गरिनेछ ।

४६. उप-महानगरपालिकाका सबै वडाहरुमा वडास्तरीय खोज उद्धार, र प्राथमिक उपचार कार्यदल गठन गरिनेछ ।

४७. विपद् जोखिम न्युनीकरण, पूर्वतयारी, पुनर्स्थापना र पुनर्लाभका सबै चरणहरुमा कार्य गर्नका लागि अन्तर निकाय संयन्त्रको निर्माण गरी काम गरिनेछ ।

४८. विपद् जोखिमबाट सुरक्षित भवन निर्माणको लागि राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्डको तयारी सहित विश्वसनीय अनुगमन प्रणालीको विकास गरी तत्काल लागु गरिनेछ ।

४९. भौतिक पूर्वाधारको डिजाइन तथा निर्माणमा जोखिम सुरक्षित र वातावरण अनुकुलित पूर्वाधार निर्माणको विधि अवलम्बन गरिनेछ ।

५०. विकास निर्माणका आयोजनाहरुको सम्भाव्यता अध्ययन, डिजाइन, निर्माण र व्यवस्थापनमा विपद् जोखिम तथा जलवायु परिवर्तनको प्रभाव मूल्याङ्कन अनिवार्य गरी त्यसको आधारमा जोखिम न्युनीकरणका उपायहरु अवलम्बन गरिनेछ ।

५१. बृहत् विद्यालय सुरक्षा अवधारणाको कार्यान्वयन गरी उप-महानगरपालिकाका सबै विद्यालयहरुलाई सुरक्षित विद्यालय बनाइनेछ ।

५२. विद्युतीय दुर्घटना न्युनीकरण गर्न विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ र दुर्घटना न्युनीकरणका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ ।

५३. सार्वजनिक भौतिक संरचनाहरु सुरक्षित तथा जेष्ठ नागरिक मैत्री, लैङ्गिगक मैत्री, अपाङ्ग मैत्री एवं बालमैत्री बनाइनेछ ।

५४. न्यून लागतमा निर्माण गर्न सकिने भूकम्पीय तथा अन्य जोखिमबाट सुरक्षित भवनका नमुनाहरु तयार गरी सर्वसाधारणलाइ उपलब्ध गराइनेछ ।

५५. विकास पूर्वाधारका योजना, डिजाइन, निर्माणका चरणमा सम्भावित विपद्को आंकलन गरि सुरुवाति चरणदेखि नै जोखिम न्युनीकरणका उपायहरु अवलम्बन गरिनेछ ।

५६. विपद्बाट व्यापार व्यवसाय, जनस्वास्थ्य र पोषणमा पर्न सक्ने सम्भाव्य जोखिम न्यूनीकरण गर्न विपद् जोखिम लेखाजोखा गरि न्युनीकरणका क्रियाकलापहरु लागु गर्ने ।

५७. विपद्को समयमा स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन र स्वास्थ्य क्षेत्रमा देखिने सम्भावित जोखिम न्युनीकरणका लागि स्वास्थ्य क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५८. चुरे क्षेत्रको कमजोर भौगोलिक बनावटका कारण उत्पन्न हुने जोखिमलाई न्युनीकरण गर्न चुरे व्यवस्थापनसँग सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरि एकीकृत कार्ययोजना निर्माण गरी लागु गर्ने ।

५९. बाढी, पहिरो, खडेरी, चट्याङ, हावाहुरी, शीतलहर, वन डढेलो, आगलागी, महामारी, लगायतका प्रकोपहरुको नियमित रुपमा अनुगमन तथा पूर्वानुमानको आधारमा पालिकास्तरको पूर्वतयारी तथा प्रतिकार्य योजनाहरु (Forecast Based Preparedness and Response Plans) तर्जुमा गरी लागु गरिनेछ ।

६०. बाढी पूर्वसूचना प्रणालीलाइ अन्य नदी तथा खोलामा बिस्तार गरिनेछ ।

६१. बिगतमा सडक दुर्घटनाका कारण भएका र सम्भावित दुर्घटना हुनसक्ने क्षेत्रहरुको पहिचान र नक्शाङ्कनको आधारमा जोखिम क्षेत्र निर्धारण गरिनेछ र यस सम्बन्धी सूचनालाई सार्वजनिक रूपमा उपलब्ध गराई दुर्घटना न्युनीकरणमा मद्दत गरिनेछ।

६२. उप-महानगर सडक सुरक्षा सञ्जाल गठन गरेर सुरक्षा रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

६३. उप-महानगरपालिकाका बस्ती क्षेत्र भित्र रहेका सिंचाइ कुलो तथा नहरहरुको संरचनात्मक सुधार गरी जोखिम न्युनीकरण गरिनेछ।

६४. उप-महानगरपालिकाको योजना छनोटदेखि कार्यान्वयनको चरणसम्म कम्तिमा १० प्रतिशत विपद् जोखिम न्युनीकरण क्रियाकलापहरुलाई प्राथमिकता दिई विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनलाई मुलप्रवाहीकरण गर्ने।

# अध्यायः चार

## नीति कार्यान्वयन

यस नीतिको कार्यान्वयनको लागि देहाय अनुसारका उपायहरु अवलम्बन गरिनेछ ।

४.१. यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि उप-महानगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना, आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरिनेछ ।

४.२. उप-महानगरपालिका विषयगत क्षेत्रगत निकायहरु, गैरसरकारी संस्थाहरु, विकास साझेदारहरु र निजीक्षेत्रको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ ।

४.३. उप-महानगरपालिकाको आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा ग्रहण गरिनेछ ।

४.४. यस नीतिको कार्यान्वयनका लागि उप-महानगरपालिकाको विकास बजेटबाट कम्तीमा ५ प्रतिशत बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

४.५. उप-महानगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७५ मा व्यवस्था भए बमोजिम आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ ।

४.६. यस नीतिको कार्यान्वयनको लागि आवश्यक कानूनी तथा संस्थागत सुदृढीकरण गरिनेछ ।

# अध्यायः पाँच

## समन्वय, अनुगमन तथा मूल्याङ्कन

५.१. विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरुको कार्यान्वयनका लागि स्थानीय तहमा कार्यरत सरकारी, निजी, गैरसरकारी संघसंस्था, नेपाल रेडक्रस सोसाइटी, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय सरोकारवाहरुसँग समन्वय तथा सहकार्य गरी कार्यान्वयन गरिनेछ।

५.२. तुलसीपुर उप-महानगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय स्तरमा यस नीतिको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

५.३. विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण विवरण अद्यावधिक गरी उप-महानगरपालिका विपद् व्यवस्थापन शाखामा सुरक्षित राखिनेछ ।

## नीति पुनरावलोकन

यस नीतिलाई आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ।

# सन्दर्भ सामाग्रीहरुः

१. नेपालको संविधान २०७२ : नेपाल सरकार

२. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७, :जिल्ला विपद् व्यवस्थापन समिति,दाङ

३. नेपाल विपद् प्रतिवेदन २०१५ : नेपाल सरकार, गृह मन्त्रालय

४. नेपाल विपद् प्रतिवेदन २०१७ : नेपाल सरकार, गृह मन्त्रालय

५. विपद् जोखिम न्युनीकरण नीति २०७५ : नेपाल सरकार, गृह मन्त्रालय

६. Oxford Policy Management, 2019 Report: Climate Change and Disaster Risk and Vulnerability Context of Province 5,

# विपद् जोखिम न्युनीकरण स्थानीय रणनीतिक कार्ययोजना

## २०२०–२०३०

तुलसीपुर उप-महानगरपालिका

लुम्बिनी प्रदेश

दाङ

## कार्यकारी सारांश

नेपालको संविधानमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको विषयलाई विभिन्न भाग, धारा र अनुसूचीमा उल्लेख गरिएको छ । संविधानको भाग ४ धारा ५२ (६) को प्राकृतिक साधन श्रोतको संरक्षण सम्बर्द्धन र उपयोग सम्बन्धि नीति अन्तरगत जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, राहत एवं पुनर्स्थापना गर्ने कुरा उल्लेख छ । नेपालको संविधान, २०७२ को अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको साझा अधिकारको सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेकोले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनुपर्ने स्पष्ट छ ।

यसैगरी, अन्तर्राष्ट्रियस्तरमा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन् २०१५-२०३०), दिगो विकासका लक्ष्यहरू, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता, आवधिक योजना, नीति तथा कार्यक्रम लगायतका सन्धि सम्झौतालाई समेत आत्मासात् गर्दै नेपाल सरकारले विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना ( सन् २०१८-२०३०) तयार गरी लागु गरेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कानूनी तथा नीतिगत व्यवस्थापनका क्षेत्रमा नेपाल सरकारले समयानुकूल परिमार्जन गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८ देखि २०३० लगायतका कानूनी तथा नीतिगत आधार तयार गरेको छ । नेपालको संविधान अनुसार  संघीय शा् व्यवस्थामा तीन तहको सरकारको व्यवस्था रहेको छ र सबै तीनै तहका सरकारले आफ्नो नीति नियम ऐन कानून बनाउने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ । यिनै संवैधानिक र कानूनी आधारहरुमा रहेर तुलसीपुर उप-महानगरपालिकालाई विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील उप-महानगरपालिका निर्माण गर्ने दीर्घकालीन सोच र लक्ष्यका साथै तुलसीपुर उप-महानगरपालिकाको विपद् जोखिमलाई दीर्घकालीन र योजनावद्ध तवरमा न्यूनीकरण गर्न स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना सन् २०२०-२०३० तयार गरिएको छ ।

यो रणनीतिक कार्ययोजना सन् २०२० देखि २०३० सम्मको अवधिलाई लक्षित गरी तयार गरिएको छ । यो रणनीतिक कार्ययोजनामा चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू तय गरिएका छन् । हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत रणनीतिक क्रियाकलापहरुमा सन् २०२० देखि २०२२ सम्मको अवधिलाई अल्पकालीन, सन् २०२० देखि २०२५ सम्मको अवधिलाई मध्यकालीन, सन् २०२० देखि २०३० सम्मको अवधिलाई दीर्घकीलन र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरुका लागि निरन्तर भनि प्रस्ताव गरिएका छन् । तुलसीपुर

उप-महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०२०- २०३०) का सात अध्यायहरू छन् । पहिलो अध्यायमा पृष्ठभूमीको रूपमा समग्र देशको लगायत लुम्बिनी प्रदेश, दाङ जिल्ला र तुलसीपुर उप-महानगरपालिकाको विपद् जोखिमको अवस्थाबारे संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा विपद् जोखिम व्यवस्थापनका विद्यमान कानूनी तथा नीतिगत व्यवस्था र विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयारी प्रक्रिया बारेमा जानकारी उल्लेख छ । तेस्रो अध्यायले विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त क्षेत्रहरू प्रस्तुत गर्छ । चौथो अध्यायमा कार्ययोजनाका निम्ति चार प्राथमिकता प्राप्त क्षेत्रहरूमा प्रत्येकका विस्तृत रणनीतिक क्रियाकलापहरू अलग अलग प्रस्तुत गरिएका छन् । पाँचौं अध्यायमा रणनीतिक कार्ययोजना कार्यान्वयन, छैठौं अध्यायमा वित्तीय व्यवस्थापन र सातौं अध्यायमा रणनीतिक कार्य योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकनको बारेमा उल्लेख गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उप-महानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

तुलसीपुर दाङ

# विषय सूचि


अध्यायः एक ..... ५

पृष्ठभूमि ..... ५

अध्याय दुई ..... १०

विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था ..... १०

अध्याय तीन ..... १९

विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय रणनीतिक कार्ययोजना ..... १९

अध्याय चार ..... २७

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरु ..... २७

अध्याय पाँच ..... ६४

रणनीतिक योजना कार्यान्वयनको लागि वित्तीय व्यवस्था ..... ६४

अध्याय छ ..... ६५

रणनीतिक कार्य योजनाको कार्यान्वयन ..... ६५

अध्याय सात ..... ६६

अनुगमन, मूल्याङ्कन र पुनरावलोकन ..... ६६

सन्दर्भ सामाग्री ..... ६७

# अध्याय: एक

# पृष्ठभूमि

## १.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्य

भिरालो र कमजोर भौगोलिक संरचना, चलायमान भौगर्भिक अवस्था, बदलिंदो हावापानी र मानवीय असावधानीका कारण नेपाल प्राकृतिक र गैर प्राकृतिक बहुप्रकोपको उच्च जोखिममा रहेको छ । विश्वव्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं, जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको ( गृह मन्त्रालय २०१५) छ । देशका धेरै जिल्लाहरुमा हरेक वर्ष विभिन्न प्रकारका प्रकोपका घटनाहरु दोहोरिइरहने गर्दछन् र ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प तथा हिमताल विष्फोटन जस्ता बहुप्रकोपहरुको जोखिममा रहेका छन् । समग्र विपद्का हिसाबले नेपाल २० औं विपद् संकटासन्न राष्ट्रको रुपमा सूचीकृत छ (गृह मन्त्रालय २०१७) ।

सन् १९७१ देखि २०१५ सम्मको तथ्याङ्क अनुसार विपद्का कारण नेपालमा ४० हजार भन्दा धेरै मानिसको मृत्यु भएको छ । बिभिन्न विपद्का कारण प्रतिवर्ष औसतमा ९०० जनाको मृत्यु हुनेगरेको, १ लाख ३२ हजार मानिसहरु प्रभावित हुनेगरेको र ३० हजार घरहरुमा क्षति हुनेगरेको र सामान्य अवस्था कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ । नेपालमा वार्षिक करिब १० हजार सडक दुर्घटना हुने गरेका छन् भने करिब १९०० व्यक्तिको मृत्यु हुने र १३०० मानिसहरु घाइते तथा अङ्गभङ्ग हुने परिदृष्य पछिल्लो तथ्याङ्कले देखाएको छ ( विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० )।

भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, शीतलहर, महामारी, चट्याङ, डुङ्गा दुर्घटना जस्ता विपद्हरु नेपालमा हरेक वर्ष बारम्बार दोहोरिरहने विपद्हरु हुन् । पछिल्लो समय नेपालमा मानव सृजित विपद्का कारण मानवीय क्षति बढीरहेको छ । खासगरी सडक दुर्घटना, महामारी, आगलागी, सर्पदंश जस्ता प्रकोपका कारण मानवीय तथा धनसम्पत्तिको क्षति बढीरहेको छ । दैनिक १७ वटा सडक दुर्घटना हुने र दैनिक ५ जना भन्दा मानिसको मृत्यु हुने गरेको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

हिन्दुकुश हिमालय क्षेत्रका ८ वटा देशहरुमध्ये बहुप्रकोपको जोखिमका कारण हुने मृत्युदरमा नेपाल बंगलादेश पछि दोश्रो स्थानमा रहेको छ । यस्तो अवस्थाका कारण पनि यहाँ क्षतिको मात्रा वृद्धि हुदै गएको छ (इसिमोड २०१९) ।

भौगर्भिक रूपमा गतिशील पर्वत श्रृंखला, अस्थिर र अति भिरालो जमिन तथा कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा देशैभरि विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरू हुने गर्दछन् । करिब ८३ प्रतिशत नेपाल हिमाल तथा पहाडी भू-भागमा र १७ प्रतिशत समतल तराईमा पर्छ । पहाडी भाग पहिरो र भू-क्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छन् । हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटनको खतरा छ । पुरै नेपाली भू-भाग सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरू उच्च भूकम्पीय जोखिममा छन् । यी विपद् बाहेक देशमा अन्य मानव सृजित विपद्का घटनाहरू पनि हुने गरेका छन् (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

## १.२ विपद् जोखिमको प्रादेशिक परिदृष्य

एसियाकै ठूलो उपत्यका दाङ उपत्यका तथा शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकोट र अन्य धेरै बुद्धकालीन ऐतिहाहिक र साँस्कृतिक सम्पदाहरु अवस्थित यस प्रदेशमा १२ जिल्लाहरु रहेका छन् । आधा जिल्लाहरु पहाडी क्षेत्रमा छन् भने आधा जिल्लाहरु तराईमा पर्दछन् । जसमध्ये नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया तराईमा पर्दछन् भने पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वी भाग), रोल्पा र प्युठान पहाडी भागमा अवस्थित छन् ।

यस प्रदेशमा ३२ वटा जलाधार प्रणाली रहेका छन् जस अन्तर्गत ४४ वटा नदी खोलाहरु रहेका छन् । यस प्रदेशमा रहेका नदी राप्ती, बबई लगायत नदीहरुमा आएको बाढीका कारण यस प्रदेशका विभिन्न जिल्लाहरुमा हरेक वर्ष ठूलो परिमाणमा क्षति भएको छ । त्यसैगरी यस प्रदेशमा ८ वटा उप जलाधार रहेका छन् । यस प्रदेशको सबैभन्दा ठूलो उप जलाधारको रुपमा पश्चिम राप्ती ले ३५.५३ प्रतिशत क्षेत्र ओगट्छ । बाणगंगा तिनाउ जलाधारले २२.५१ र बबई मानखोला जलाधार क्षेत्रले १७.०८ प्रतिशत क्षेत्र ओगटेको छ । लुम्बिनी प्रदेश बहुप्रकोपको जोखिममा रहेको छ । खास गरी पहाडी क्षेत्रमा अवस्थित जिल्लाहरु पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वी भाग), रोल्पा र प्युठानमा पहिरोको जोखिमसँगै कटान र पटानसगै खेतीयोग्य जमिन बगरमा परिणत भएको छ भने तराईमा आउने बाढीका कारण कटान र डुबान  हुँदा खेती बाली मात्र नभएर उर्भर भूमि बगरमा परिणत भएका छन् । (प्रदेश ५ को वस्तुस्थिति विवरणः पृ.१२६)

समग्र लुम्बिनी प्रदेशको बिगतको विपद् परिदृष्यलाई नियाल्दा र यहाँ विपद्ले पुर्याएको क्षतिको अवस्थालाई हेर्दा यो प्रदेश बहुप्रकोपको उच्च जोखिममा रहेको छ । अनुसन्धान र खोजहरुले यो प्रदेश प्राकृतिक र मानवीय प्रकोपका कारण संकटासन्न देखिन्छ । पहिरो, बाढी, आगलागी, रोगको प्रकोप, सडक दुर्घटना, खडेरी, चट्याङ र सुख्खा

खडेरी, हावाहुरी मुख्य प्रकोपहरू हुन् (OPM 2019) । प्रमुख रुपमा जलउत्पन्न, जलवायुजन्य र भौगर्भिक प्रकोपका दृष्टिकोणले संकटासन्न प्रदेशको रुपमा रहेको छ भने अधिकतम उद्योग कलकारखाना सञ्चालन यही प्रदेशमा भएकोले औद्योगिक तथा प्राविधक विपद्को पनि जोखिम रहेको छ । बाढी, पहिरो, सडक दुर्घटना, आगलागी, हावाहुरी, असिना, चट्याङ, डुङ्गा दुर्घटना जस्ता प्रकोपहरु वर्षेनी दोहोरिइरहने क्रम निरन्तर रहेकोले पूर्वतयारीका क्रियाकलापहरुलाई निरन्तरता दिनु आवश्यक छ ।

### १.३ दाङ जिल्लाको विपद् जोखिमको परिदृष्य

दाङ जिल्ला नेपालको लुम्बिनी प्रदेशमा अवस्थित छ । यस जिल्लाको जिल्ला सदरमुकाम घोराही हो । नेपाल सरकारको स्थानीय पुर्नसंरचना नीति अनुरुप यस जिल्लामा हाल १० वटा स्थानीय तह रहेका छन्, जसमा २ वटा उप-महानगरपालिका, १ वटा नगरपालिका र ७ वटा गाउँपालिका रहेका छन्।

यस जिल्लामा हालसम्म भूकम्पका कारण कुनै त्यस्तो ठूलो क्षति व्यहोर्नु परेको छैन तर २०७२ साल बैशाख १२ र २९ गतेको विनाशकारी भूकम्पले यस जिल्लाका निजी तथा सार्वजनिक संरचनाहरुमा दरार पैदा गरी कमजोर पारेको कारण जोखिमको सम्भावना उच्च नै रहेको छ । Humanitarian Country Team (HCT) Durham University ले गरेको अध्ययन अनुसार नेपालको मध्य तथा सुदुर पश्चिम भागमा भूकम्प जान सक्ने सम्भावना रहेको र ठूलोमात्रामा जनधनको क्षति हनुसक्ने अनुमान गरेको छ । भूकम्पको जोखिममा नेपाल राष्ट्र नैं उच्च जोखिमा रहेको हुनाले दाङ जिल्ला पनि यस प्रकोपबाट अछुतो नरहन सक्छ । बिशेष गरी भूकम्पीय दृष्टिकोणबाट जिल्लाका स्थानीय तहमा रहेका पुराना विद्यालय, निजी भवनहरु तथा अन्य सार्वजनिक संरचनाहरु कमजोर संरचनाको कारणले जेखिममा रहेका छन् (जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७/२०७८ दाङ ) ।
दाङ जिल्ला भएर बग्ने राप्ती र बबई मुख्य दुई नदी प्रणाली हुन् भने यी अन्तर्गतका ४ दर्जन बढी नदीनालाहरु यी दुई नदीमा मिसिने् सहायक नदी प्रणालीहरु हुन् । राप्ती नदीमा आउने बाढीले हरेक वर्ष मानवीय क्षति तथा सयौं हेक्टर जमिन कटान गर्ने क्रम निरन्तर जारी राखेको छ । २०७१ साउनमा बबई नदी र यस प्रणालीमा मिसिन् आउने नदीहरुमा आएको बाढीले यस जिल्लामा १५ जनाको मृत्यु भयो । ३ जना अझै बेपत्ता छन् । ३ सय ९८ घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन् भने २०७४ मा बबई नदीमा आएको बाढीका कारण ७ जनाको मृत्यु, २ जना घाईते र १ जना बेपत्ता भएको र ३५९ घर पूर्ण क्षति र २८२ घर आंशिक रुपमा क्षति भएको छ । आगलागीका कारण ६ जनाको मृत्यु भएको छ भने सयौं घर जली नष्ट भएका छन् (जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७/२०७८ दाङ) । जिल्लाको बिगत ९ वर्षको तथ्याङ्क हेर्दा जिल्लामा बहुप्रकोपका कारण

२४५२ घरधुरीहरु प्रभावित रहेका छन् भने २०७६/०७७ मा मात्रै ६३२ घरधुरी पूर्णरुपले प्रभावित भए भने ११७ जनाको मृत्यु र ७३४ जना घाइते भएका छन् । त्यसैगरी ८ वर्षमा भएका सवारी दुर्घटनाको अवस्थालाई हेर्दा दाङमा हरेक वर्ष १३७ वटा सवारी दुर्घटना भईरहेका छन् भने ७१ जनाको मृत्यु भइरहेको छ । सवारी र्दुघटनाका कारण मृत्यु हुनेको संख्यामा वृद्धि भएको देखिन्छ । यस्तै हरेक वर्ष औषतमा ३ सय ९ जना दुर्घटनाको कारणले घाईते भएका छन् (जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७/२०७८ दाङ) ।

जिल्लाको समग्र वस्तुस्थिति हेर्दा दाङ जिल्ला बाढी र पहिरो जस्ता जलउत्पन्न प्रकोपको जोखिममा रहेको छ । मानवीय क्षतिका हिसावले भने दोश्रो ठूलो प्रकोपको रुपमा सडक दुर्घटना रहेको छ । त्यसैगरी आगलागी, हावाहुरी, चट्याङ, असिना, महामारी जस्ता प्रकोपले पनि समय समयमा क्षति पुर्याउने गरको छ । जिल्लाका अधिकांश ग्रामीण बस्तीहरुमा काँचो इट्टा र माटोले जोडिएका घरहरु भूकम्पीय दृष्टिकोणले संकटासन्न रहेका छन् भने अधिक वर्षाको कारण यस्ता घरहरु भासिने् र चर्किने समस्या पनि तेत्तिकै रहेको छ ।

### १.४ विपद् जोखिमको स्थानीय अवस्था :

दाङ जिल्लाका १० स्थानीय तहमध्ये यो उप-महानगरपालिका एक महत्वपुर्ण स्थानीय तहको रुपमा रहेको छ । तुलसीपुर उप-महानगरपालिकामा अधिकांश भूभाग समथर जमीन तथा केही क्षेत्र पहाडी भूभागको रुपमा रहेको छ । महाभारत पहाड र चुरेको बीचमा रहेको दाङ उपत्यकाको मध्य भागमा रहेको यस उप-महानगरपालिकामा प्रशस्त खेतीयोग्य जमिन, सुन्दर बस्तीहरु, विभिन्न बजार केन्द्रहरु, खोला नाला, वनजंगलले ढाकिएको क्षेत्र रहेको छ ।

तुलसीपुर उप-महानगरपालिका विपद्को दृष्टिकोणले संकटासन्न रहेको छ । खासगरी बबई र यसका सहायक खोला र खहरेहरुले वर्षेनी पुर्याउने क्षतिका आधारमा यस उप-महानगरपालिका भित्र सबैभन्दा बढी क्षति बाढीकै कारण हुने देखिएको छ । त्यसैगरी सडक दुर्घटना उप -महानगरपालिकामा मानवीय क्षति पुर्याउने दोश्रो ठुलो प्रकोप हो भने तेश्रोमा  पहिरो रहेको छ । तुलसीपुर उप-महानगरपालिकाका केही वडाहरु चुरे र महाभारत पर्वतसँग समेत जोडिएका छन् ती वडाहरुमा वर्षातको समयमा आउने मुसलधारे वर्षासँगै पहिरो खस्ने र माथिल्लो क्षेत्र कटान तथा तल्लो क्षेत्र पटान गर्ने समस्या रहेको छ । महानगरको पहाडी क्षेत्रको भीरालो  धरातल, नाङ्गो र फुस्रो माटो तथा हिउँदमा खनिएका मोटर बाटोको कारण जमिन कमजोर भई पहिरोका घटनाहरुमा वृद्धि भएको छ । तुलसीपुर उप-महानगरपालिकामा पटक पटक दोहोरिइरहने प्रकोप आगलागी पनि हो र यसका कारण समय

समयमा धनजनको क्षति हुने गरेको देखिन्छ तथापि हाल उप-महानगरपालिकाले आफ्नो क्षेत्र भित्रका खरका छानो विस्थापित गर्ने नीति लिएका कारण पछिल्लो समयमा आगलागीको जोखिम न्यूनीकरण हुँदै गएको भएता पनि विद्युतिय दुर्घटनाका कारण  लाग्ने आगलागीले खासगरी बजार क्षेत्रमा दुःख दिने गरेको छ ।

# अध्याय दुई

# विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था

## २.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु :

### विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् २०१५ – २०३०

जापानको सेण्डाईमा सन् २०१५ मार्चमा सम्पन्न भएको तेश्रो विपद् जोखिम न्यूनीकरण सम्बन्धी सम्मेलनले विश्वमा विपद्का कारणबाट हुने मानवीय, भौतिक र आर्थिक क्षतिलाई उल्लेखनीय कमी ल्याउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरणका साथ विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा (२०१५ – २०३०) पारित गर्यो । सेण्डाई कार्यढाँचाले विपद जोखिम न्यूनीकरणका लागि निर्धारण गरेका विश्वव्यापी सातवटा लक्ष्ययहरुमा विश्वव्यापी रुपमा विपदबाट हुने मृत्युदर उल्लेख्य रुपमा कम गर्ने, विपद्बाट प्रभावित हुने जनसंख्या उल्लेख्य रुपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रुपमा घटाउने, विपद्बाट हुने संवेदनशील पूर्वाधारको नोक्शानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरुको संख्या बढाउने र बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सम्बन्धी सूचनाको पहुँच र उपलब्धता बढाउने रहेका छन् । उपरोक्त लक्ष्य हासिल गर्नका लागि उक्त सम्मेलनले चारवटा प्राथमिकताहरु निर्धारण गरेको छ । विपद् सम्बन्धी बुझाई, विपद् जोखिम न्यूनीकरण लागि सबलीकृत विपद् जोखिम सुशासन्, विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवद्धन गर्ने र पुर्नस्थापना र पुननिर्माणका क्रियाकलापहरुमा अझ राम्रो अझ बलियो अवधारणा सहित विपद् पूर्वतयारी सेण्डाई कार्यढाँचाले निर्धारण गरेका प्राथमिकताहरु हुन् ।

### पेरिस सम्झौता २०१५

डिसेम्बर २०१५ मा फ्रान्सको पेरिसमा पक्ष राष्ट्रहरुको २१ औं सम्मेलन सम्पन्न भयो । यस सम्मेलनले दिगो विकास तथा गरिबी निवारण गर्ने प्रयासका सन्दर्भमा जलवायु परिवर्तनका जोखिमलाई घटाउन विश्वब्यापी उपायहरु प्रस्तुत गर्यो । यसै सम्मेलनलाई पेरिस सम्झौताका नामले चिनिन्छ । जलवायु परिवर्तनको जोखिम तथा यसबाट उत्पन्न असरहरुलाई उल्लेख्यरुपले न्यूनीकरण गर्ने कुरालाई आत्मसाथ गर्दै विश्वव्यापी औषत तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सीयसमा सीमित राख्न प्रयास गर्ने, खाद्य उत्पादनमा कमी हुन नदिने गरी जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरुलाई अनुकुल गर्ने क्षमता बिस्तार गर्ने र न्युन हरितगृह ग्याँस उत्सर्जन तथा जलवायु अनुकुलन विकासमुलक कार्यप्रणाली अनुरुप लगानी गर्ने उद्देश्य लिएको पेरिस सम्झौताले जलवायु परिवर्तनका कारण हुनसक्ने क्षति तथा नोक्शानीलाई सम्बोधन गर्दै यसको न्यूनीकरणका लागि पर्वसूचना प्रणाली, आपत्कालीन प्रतिकार्य र जोखिम हिस्सेदारीमा सहकार्य गर्दै जलवायुजन्य जोखिम न्यूनीकरणका विषयवस्तुलाई प्राथकितामा राखेको छ ।

### दिगो विकास लक्ष्य सन् २०१५–२०३०

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरूले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू पारित गरेका छन् । संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा विश्वलाई रुपान्तरण गर्नका लागि दिगो

विकास लक्ष्य २०३० अगाडि ल्याएको हो जुन दिगो विकासका तीन आधारभुत आयामहरु आर्थिक विकास, सामाजिक समानता र वातावरणीय सन्तुलनमा आधारित छन् । पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारीहरुलाई दिगो विकास प्राप्तीका लागि आधार स्तम्भ मानेको छ । दिगो विकास लक्ष्य २०१५–२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकास लक्ष्यमा विपद् जोखिम न्यूनीकरणको सवाल विभिन्न क्षेत्रसँग सम्बन्धित लक्ष्यहरुमा समावेश भएका छन् । दिगो विकासका १७ लक्ष्यहरुमध्ये १० वटा र ६९ वटा प्रमुख सूचक मध्ये २५ वटा सूचकहरु विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग सम्बन्धित छन् । दिगो विकास लक्ष्यले जोखिमका अर्न्तनिहित कारणहरुलाई क्षेत्रगत र नियमित विकास प्रयास मार्फत सम्बोधन गरेर जोखिम सुसूचीत विकास र उत्थानशील भविष्यको सुनिश्चितता गर्दछ भने सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा लक्ष्यले विश्वव्यापी लक्ष्यमार्फत विपद्बाट हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षति तथा नोक्शानीलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न मद्धत गर्दछ ।

### नयाँ शहरी एजेण्डा २०१६

सन् २०१६ को  अक्टोबरमा आवास तथा दिगो शहरी विकासका लागि संयुक्त राष्ट्रसंघीय सम्मेलनमा अवलम्बन गरिएको नयाँ शहरी एजेण्डाले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अपनाउने र कार्यान्वयन गर्ने, सङ्कटको अवस्था कम गर्ने, प्राकृतिक तथा मानव सिर्जित प्रकोपमा उत्थानशीलता एवं प्रतिकार्य क्षमता निर्माण गर्ने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनलाई बढावा दिने शहरहरूको परिकल्पना गरेको  छ ।

### मानवीयताका लागि ऐजेण्डा २०१६

सन् २०१६ टर्कीको स्तानबुलमा भएको विश्व मानवीयता सम्बन्धी सम्मेलनले पाँचवटा प्रमुख दायित्वसहित मानवीयताका लागि एजेण्डा पारित गर्यो । यस एजेण्डाले मानवीय सहायताका लागि गरिने कार्य र विकास कार्यलाई जोड्ने नयाँ मार्ग प्रसस्त गरेको छ । यस एजेण्डामा उल्लेख गरिएका पाँचवटा प्रमुख दायित्वमध्ये मानवीयताका लागि लगानी र कोही पछि नहोस् रहेका छन् । यसले मानवीय सहायताका लागि काम गर्ने स्थानीय संस्था र प्रणालीलाई बलियो बनाउन जोड दिएको छ ।

## २.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना

### नेपालको संविधान २०७२

नेपालको संविधानले विपद् व्यवस्थापनलाई राज्यको दायित्वको रुपमा संवैधानिक रुपले नै परिभाषित गरेको छ । संविधानमा राज्यका नीतिहरु अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्न पूर्वसूचना, तयारी, उद्धार राहत एवं  पुनर्स्थापना गर्ने उल्लेख गरेको छ ।

संविधानको अनुसूची ८ ले स्थानीय तहको एकल अधिकारको सूचीका २२ बुँदामध्ये एउटा बुँदामा विपद् व्यवस्थापन रहेको छ । अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा विपद्

व्यवस्थापनलाई राखिएको छ । यसरी नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धित विषयलाई तीनवटै तहको साझा अधिकार क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

## विपद् जोखिम न्यूनीकरण नीति २०७५

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा, दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता महशुस गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोचका साथ लागु भएको छ ।

यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि तीनै तह संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने विषयगत मन्त्रालय, सार्वजनिक निकायहरु, विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवं लागु गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइने, प्रदेश तथा स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ । संघ, प्रदेश र स्थानीय तहमा आवश्यक बजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गरिने र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) मा व्यवस्था भए बमोजिम आवश्यक कानून तथा संस्थागत व्यवस्था गरिने उल्लेख छ ।

## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५)

सन् २०१५ पछि विपद् व्यवस्थापनको क्षेत्रमा विश्वव्यापी रुपमा विकास भएका अवधारणा र नेपालले विपद् व्यवस्थापनका क्षेत्रमा गरेका बिगतका अनुभवका आधारमा यो ऐन निर्माण गरिएको हो । पहिलो कुरा यस ऐनले विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै चरणहरुलाई बृहत रुपमा समेटेको छ र दोश्रो कुरा संघीय संविधानको मर्म अनुरुप विपद् व्यवस्थापनको तहगत संरचना निर्धारण गरिएको छ । जसमा केन्द्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद र कार्यकारी समिति, प्रदेशमा प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद र कार्यकारी समिति, जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ । तेश्रो कुरा नियमित र रणनीतिक रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य गर्न र विपद् जोखिम सुसूचीत विकास योजनाको कार्यान्वयन मार्फत उत्थानशीलता विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण स्थायी संरचनाको प्रादुर्भाव भयो । त्यसैगरी यस ऐनले तीनवटै तहका सरकारलाई विपद् व्यवस्थापन कोष व्यवस्थापन र सञ्चालन गर्ने र राहत व्यवस्थापन र वितरण गर्ने अधिकार प्रत्यायोजन गरेको छ । संघ, प्रदेश र स्थानीय तीनवटै सरकारलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने अधिकार प्रदान गरेको छ ।

## राष्ट्रिय कृषि नीति, २०६१

राष्ट्रिय कृषि नीति, २०६१ ले प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने उद्देश्य लिएको थियो । यसमा प्राकृतिक प्रकोप, अतिवृष्टि, अनावृष्टि, रोग, कीरा एवं अन्य प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूको आंकलन र कृषि राहत परिचालनका लागि निगरानी प्रणाली स्थापित गरी क्रियाशील राखिने उल्लेख गरिएको थियो । हाल कार्यान्वयनमा रहेको कृषि विकास रणनीति (२०७२-२०९२) ले किसानहरूलाई जलवायु परिवर्तन र विपद् उत्थानशील बनाउन मौसम तथा जलवायु पूर्वसूचना प्रणालीको स्थापना, सुख्खा र पानी खप्न सक्ने जातको अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना, कृषि बीमाको प्रवर्द्धन, खाद्य, बीउ र स्याउलाको भण्डारण व्यवस्था, पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना आदि क्रियाकलापहरूलाई प्राथमिकतामा राखेको छ ।

## राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०१८

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०१८ ले विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्दार र राहतलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ । यस अन्तर्गत प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनु पर्ने पक्ष, अन्तर्राष्ट्रिय सहायताको समन्वयका कुराहरूलाई पनि उक्त कार्यढाँचाले व्यवस्थित गरेको छ । उक्त कार्यढाँचाले आपत्कालीन समयमा निकायगत समन्वयका लागि विषय क्षेत्रगत समूहको प्रावधान, विपद् सूचना संकलन र प्रभावको संयन्त्र र त्यसको परिचालनको पक्षमा पनि स्पष्ट व्यवस्था गरेको छ । विपद् पछिका विभिन्न समय अवधिको प्राथमिकतायुक्त कामको पहिचान गर्दै विपद् पछि गर्नुपर्ने कामको पहिचान र जिम्मेवारीको बिभाजन पनि गरेको छ ।

## राष्ट्रिय स्वास्थ्य नीति, २०७१

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ ले जलवायु परिवर्तनबाट पर्ने स्वास्थ्य सम्वन्धी नकारात्मक असरको सम्बोधनका लागि समष्टिगत व्यवस्थापन गर्न राष्ट्रिय सञ्जाल तथा संयन्त्र एवं अवसरको समुचित प्रयोग गर्दै बहुपक्षीय कार्ययोजना बनाई सरोकारवाला सम्पूर्ण निकायसँग सहकार्य गर्ने एवं पशुपक्षी तथा कीटहरूबाट मानिसमा सर्ने् रोगहरूको व्यवस्थापनका लागि सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय र सहकार्यको समुचित व्यवस्था गर्ने नीति तय गरेको छ ।

## जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ले बाढी, पहिरो जस्ता जलउत्पन्न प्रकोपहरूको संरचनागत तथा गैरसंरचनागत प्रविधिबाट रोकथाम गरी सोबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक श्रोत साधन एवं खानेपानी, जल परिवहन, सिंचाई, स्थल यातायात आदि जस्ता पूर्वाधारका उपयोगितालाई दिगो बनाउन विभिन्न नीतिहरू प्रस्तुत गरेको छ ।

## राष्ट्रिय शहरी विकास रणनीति, २०७३

राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले सन्तुलित र समृद्ध शहरी भविष्यको लागि उत्थानशीलतालाई पाँच मार्गदर्शक सिद्धान्तहरू मध्ये एक मानेको छ । यस रणनीतिले विपद् जोखिम अनुकुलित शहर र समुदाय निर्माणका लागि उत्थानशीलतालाई शहरी प्रणाली र समुदायको योजना निर्माण तथा विकासमा एकीकृत गर्न जोड दिएको छ ।

## स्थानीय स्वायत्त शा ऐन, २०५५

यस ऐनले तत्कालीन स्थानीय निकायहरू (गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरू) र जनताहरूलाई आफ्ना क्षेत्रमा प्रभावकारी विकास योजना निर्माण र कार्यान्वयनका लागि सबैभन्दा उपयुक्त प्रवेश विन्दुका रूपमा लिई विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यहरू गर्न अधिकार दिनुका साथै जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका तहमा वातावरण संरक्षण तथा विपद् व्यवस्थापन कोष स्थापना गर्न अधिकार प्रदान गऱ्यो । वि.सं. २०७४ मा यस ऐनलाई विस्थापित गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आइसकेको छ ।

## राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२

राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ ले विपद् पश्चात्को पुनर्लाभ, पुननिर्माण र पुनर्स्थापना कार्यको लागि नीतिगत मार्गदर्शन गर्दछ । २०७२ साल बैशाखको भूकम्पले क्षति पुऱ्याएका भौतिक संरचनाहरू र बस्तीहरू पुननिर्माण गर्न, पुननिर्माण तथा पुनःस्थापना कार्यक्रमको कार्यान्वयन योजना निर्माण र समन्वय गर्न राष्ट्रिय पुननिर्माण प्राधिकरण स्थापना भएको छ ।

## नेपाल सडक सुरक्षा कार्ययोजना (२०७०-२०७७)

नेपाल सडक सुरक्षा कार्ययोजना (२०७०-२०७७) ले सुरक्षित सडक पूर्वाधार र सेवाहरुको व्यवस्था तथा दुर्घटना पश्चात् प्रभावकारी प्रतिकार्य मार्फत जनधन तथा आर्थिक क्षति कम गर्ने सोच राखेको छ । यस कार्ययोजनाले सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडक तथा आवागमन, सुरक्षित सवारी साधन, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पश्चात् प्रतिकार्य जस्ता पाँच आधार स्तम्भहरु अन्तर्गत विभिन्न क्रियाकलापहरु तय गरेको छ ।

## भू तथा जलाधार संरक्षण ऐन २०३९

यस ऐनमा बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ । जलस्रोत ऐन, २०४९ मा जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने व्यवस्था छ ।

## राष्ट्रिय शिक्षा नीति २०७६

सुरक्षित विद्यालयको अवधारणा अनुसार भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुको साथसाथै विद्यालयलाई सुरक्षित एवं हरित विद्यालयको रुपमा विकास गर्ने लक्ष्य लिएको राष्ट्रिय शिक्षा नीति २०७६

कार्यान्वयनमा आएको छ । यसका लागि विद्यालयको भौतिक पूर्वाधार र सिकाई वातावरण विपद् उत्थानशील बनाइने विद्यालय तथा शिक्षालयहरुमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रम र सुरक्षित विद्यालय सम्बन्धी अभ्यास नियमित रुपमा सञ्चालन गर्ने, विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयवस्तु पठनपाठनको प्रबन्ध गर्ने, विद्यालयलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, हिंसारहित एवं भयरहित सिकाई केन्द्रका रुपमा विकास गरी सम्पूर्ण रुपमा सुरक्षित विद्यालय बनाउने रणनीति अवलम्बन गरिएको छ ।

**विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०**

विपद् जोखिम न्यूनीकरण नीतिले तय गरका उद्देश्य पूरा गर्न विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा २०१५–२०३० लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताको जगमा उभिएर यस रणनीतिक कार्ययोजनाको निर्माण गरिएको हो । विपद् जोखिम न्यूनीकरण  तथा व्यवस्थापन राज्यको नैं प्रमुख जिम्मेवारी हुने, संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला संघ संस्थाहरु, समूदायहरु अन्तर्राष्ट्रिय संघसंस्थाहरुको सहभागिता र सहयोगमा विपद् जोखिम न्यूनीकरण  तथा व्यवस्थापनको काम गरिने उल्लेख छ । संघ प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला निकायहरुको पूर्ण सहभागिता सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारीमा स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रीय संलग्नता, साझेदारी सुनिश्चित गरिने । त्यसैगरी स्थानीय तह तथा समूदायलाई श्रोत साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण  तथा सशक्तिकरण गरिने । विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा विज्ञानमा आधारित विपद् सम्बन्धी तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदानको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ । जोखिमका स्थानीय र विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने जस्ता कुराहरु मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ ।

विपद्बाट जीवन तथा धनसम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक कृयाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद जोखिम न्यूनीकरण, रोकथाम, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना र पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ ।

विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाले विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुर्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गर्दै सेण्डाई कार्यढाँचालाई मूल मार्गदशनको रुपमा लिएर ४ वटा प्राथमिकता प्राप्त क्षेत्रहरु र १८ प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्यहरुलाई अल्पकालीन सन् २०१८–२०२०, मध्यकालीन सन् २०१८–२०२५ र दीर्घकालीन २०१८–२०३० र निरन्तर रुपमा गरिने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ । सबै प्रदेश र स्थानीय तहले सन् २०२० सम्ममा विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तयार गरिसक्ने लक्ष्य राखिएको छ ।

**पन्ध्रौं योजनाको आधार पत्र २०७६/७७ –२०८०/८१**

"समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन सोच सहित पन्ध्रौं पञ्चवर्षीय योजना सुरु गरिएको छ । यस योजनाले सुरक्षित, सभ्य र न्यायपूर्ण समाजको परिकल्पना गरेको छ । सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकका रुपमा सुरक्षित भवन (भवन आचारसंहिता मापदण्ड अनुसार निर्मित) आवासमा बसोवास गर्ने जनसंख्या २०७४/७५ मा ३७.८ प्रतिशत रहेकोमा २०८०/८१ मा ६० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ । यस योजनाका आठवटा दीर्घकालीन रणनीतिमध्ये एक प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशील विकास गर्ने रहेको छ। विपद्का घटनाबाट प्रभावित जनसंख्या २०७६/७७ मा प्रति हजार १९.५ जना रहेकामा २०८०/८१ मा प्रतिहजार ५ जनामा झार्ने र विपद्का घटनाबाट २०७६/७७ मा प्रतिलाख १.७ जना रहेकोमा २०८०/८१ मा १.०९ झार्ने लक्ष्य रहेको छ। उक्त योजनाले कार्यान्वयनका लागि ८ वटा राष्ट्रिय रणनीतिहरु निर्धारण गरेको छ। जसमध्ये प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने एक रहेको छ र प्राकृतिक श्रोतको उपयोग गर्दा जैविक विविधता संरक्षण र पर्यावरणीय तुलनमा जोड दिइने जलवायु परिवर्तन अनुकुलन र विपद्को जोखिम न्यूनीकरण गर्ने रणनीति लिइने, विपद् व्यवस्थापनको पूर्वतयारी, उद्धार र पुनर्स्थापनाका लागि संघ, प्रदेश र स्थानीय तहको संस्थागत र संरचनागत सुधार एवं विकास प्रकृयामा मुलप्रवाहीकरण गरिने उल्लेख छ (राष्ट्रिय योजना आयोग २०७६) ।

**विद्यालय क्षेत्र विकास योजना २०१६–२०२१**

यस योजनाको उद्देश्य पूरा गर्ने पाँचवटा आयामहरु समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलता मध्ये उत्थानशीलतालाई एउटा आयामकै रुपमा समावेश गरेको छ । यस योजनाले बृहत विद्यालय सुरक्षा कार्यढाँचाको कार्यान्वयन मार्फत, पुनर्निर्माण र प्रवलीकरणको माध्यमबाट विभिन्न प्रकारका जोखिमहरुलाई मध्यनजर गर्दै सुरक्षित सिकाई सुविधाहरु सुनिश्चित गर्ने, संघीय, प्रादेशिक, स्थानीय स्तरमा विद्यालय शिक्षामा विपद् व्यवस्थापनलाई संस्थागत र मुलप्रवाहीकरण गर्ने, बृहत विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणलाई विद्यालयको पाठयक्रम तथा समूदायमा प्रवाह गर्ने उद्देश्य लिएको छ । सन् २०३० सम्ममा राष्ट्रव्यापी रुपमा श्रोत परिचालन गरी बृहत विद्यालय सुरक्षा मुलप्रवाहीकरण गर्ने लक्ष्यका साथ बृहत विद्यालय सुरक्षा गुरुयोजना तयार गरेको छ । बृहत विद्यालय सुरक्षा गुरुयोजनाको लक्ष्य हासिल गर्न विद्यालयको संरचनात्मक सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशील शिक्षाको क्षेत्रलाई समेटेर सुरक्षित सिकाई वातावरण सुनिश्चित गर्न प्रत्येक विद्यालयमा अनिवार्य रुपमा लागु गर्नुपर्ने न्युनतम उपायहरुको प्याकेज तयार पारिएको छ।

**नेपाल दिगो विकास लक्ष्यहरु**

दिगो विकासका विश्वव्यापी लक्ष्यहरुलाई कार्यान्वयन गर्नका लागि नेपालले दिगो विकास लक्ष्यहरु तय गरेको छ। आर्थिक विकास, सामाजिक समानता र वातावरणीय तुलनका तीनवटा आयामहरुमा आधारित दिगो विकासको अवधारणमा तयार भएको दिगो विकास लक्ष्यले यसका विभिन्न परिमाणात्मक लक्ष्यभित्र विपद् जोखिम न्यूनीकरणका सूचकहरु समेटेको छ । गरिबी र संकटान अवस्थामा रहेका मानिसहरुको उत्थानशीलता निर्माण गर्ने र यस्ता मानिसहरुको वातावरणसँग सम्बन्धित विषम घटनाहरुका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक पक्षहरु, विपद्का जोखिमहरु र कमजोरपनालाई कम गर्ने । विपद्का कारण मृत्यु हुने बेपत्ता भएका

व्यक्तिहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपद्को कारण राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागु गर्ने स्थानीय सरकारको अनुपात बढाउने जस्ता विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका सूचकहरु समेत समेटिएको छ । यसरी नेपालले दिगो र उत्थानशील विकास र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तहमा रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ (राष्ट्रिय योजना आयोग २०७६) ।

**प्रादेशिक कानून, नीति तथा कार्ययोजना**

नेपालको संविधान २०७२ को अधिकार बाडफाँड सम्बन्धी अनुसूचिले विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेपछि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ले प्रदेशमा प्रदेश विपद् व्यवस्थापन परिषद र प्रदेश कार्यकारी समिति रहने व्यवस्था गरेको छ । प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार अन्तर्गत १९ वटा जिम्मेवारीहरु तोकेको छ ।

प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय विपद् जोखिम व्यवस्थापनको फोकल मन्त्रालय हो । यस अन्तर्गत विपद् व्यवस्थापन शाखाहरु, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालित छन् । लुम्बिनी प्रदेशले विपद व्यवस्थापनसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्नका लागि प्रदेश विपद व्यवस्थापन कार्यसंचालन कार्यविधि (पहिलो संसोधन २०७७) का साथै विपद उद्दार खर्च संचालन कार्यविधि २०७७ जारी गरेको छ । हाल लुम्बिनी प्रदेशको विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना निर्माणाधीन अवस्थामा रहेको छ ।

**स्थानीय अभ्यास:**

नेपालको संविधान २०७२ को अधिकार बाँडफाँड सम्बन्धी अनुसूचिले विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ले नगरपालिका वा गाउँपालिका तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ ले स्थानीय विपद् व्यवस्थापन समितिले वडास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी कार्य सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ ।

तुलसीपुर उप-महानगरपालिका क्षेत्रभित्र बाढी, पहिरो, आगलागी, महामारी सडक दुर्घटना जस्ता विपद्का घटनाहरुका कारण जनधनको क्षति न्यूनीकरण गर्ने सन्दर्भमा उत्पन्न कानूनी अड्चन पन्छाउँदै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ जारी गरी कार्यान्वयन गरेको छ । यस ऐनले नगर विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु निर्धारण गरेको छ । त्यसैगरी वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार, सुरक्षा निकाय तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरुको परिचालन, नगर विपद् व्यवस्थापन कोषको व्यवस्थापन र परिचालन जस्ता सवालहरुलाई समेटेको छ । उप-महानगरपालिकामा विपद् व्यवस्थापन शाखा स्थापना गरी उपरोक्त कार्यहरुलाई प्रभावकारी रुपले परिचालन गर्ने गराउने अख्तियारी प्रदान गरेको छ ।

तुलसीपुर उप-महानगरपालिकाले नगर क्षेत्रका जोखिमपूर्ण स्थानहरुको नक्शाङ्कन गरी तुलसीपुर उप-महानगरपालिकाको विपद् जोखिम नक्शाङ्कन पुस्तिका प्रकाशन गरेको छ । उप-महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका विपद् सम्भावित स्थान पहिचानको लागि हरेक वडाका वडा विपद व्यवस्थापन समिति तथा विभिन्न सरोकारवालहरुको संलग्नतामा जोखिम पहिचान तथा नक्शाङ्कन गरेको हो । तुलसीपुर उप-महानगरपालिका क्षेत्रभित्र रहेका सम्भावित विपद् जोखिमयुक्त स्थानहरुको पहिचान गर्नु, पहिचान गरिएका विपद्बाट सुरक्षित रहन प्रभावकारी पूर्वतयारी गर्नु, आगामी दिनमा जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा उप-महानगरपालिकाले चाल्नुपर्ने दीर्घकालीन योजना तर्जुमामा सहयोग गर्ने जस्ता उद्देश्यका साथ तयार गरिएको जोखिम नक्शाङ्कन पुस्तिकाले तुलसीपुर उप-महानगरपालिकालाई उत्थानशील बनाउन एक कदम अगाडि लानेछ ।

## विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना निर्माण प्रकृया

तुलसीपुर उप-महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिका कार्ययोजना निर्माणका लागि उप-महानगरपालिका विपद् व्यवस्थापन शाखाले नेतृत्व गरेको थियो । २०७७ असारमा नगर विपद् व्यवस्थापन समितिको बैठकले विपद् जोखिम न्यूनीकरण नीति र रणनीतिक कार्ययोजना निर्माण गर्ने निर्णय गऱ्यो । विपद् व्यवस्थापन शाखाका अधिकृत र वडा नं ६ का वडाध्यक्षलाई निर्माण प्रकृयाको जिम्मेवारी तोक्यो । सोही अनुसार नगर विपद् जोखिमको विश्लेषण, जोखिमको स्थानीय परिदृश्य र विपद् व्यवस्थापनमा विद्यमान नीतिगत तथा कानूनी पक्षको पुनरावलोकन गरी उप-महानगरपालिकास्तरीय परिचयात्मक गोष्ठीको आयोजना गऱ्यो । उप-महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकायको प्रदेश तथा नगर प्रहरी कार्यालय, नेपाली सेना, विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहभागीतामा छलफल गरी विपद् जोखिम न्यूनीकरण नीतिमा समेटनुपर्ने विषयहरुको बारेमा छलफल भयो । विपद् व्यवस्थापन शाखा अधिकृतको अगुवाईमा उप-महानगरपालिका का १९ वटै वडाहरुको भ्रमण गरी हरेक वडाको विपद् जोखिमको अवस्था, विपद् जोखिमको ऐतिहासिक विवरण तथा विद्यमान श्रोत साधन र क्षमताको विश्लेषण गरि आवश्यक सुझावहरु संकलन गरियो । वडाबाट प्राप्त सूचनाहरुलाई एकीकृत गरी पुन तुलसीपुर उद्योग वाणिज्य महासंघ, पत्रकार महासंघ, यातायात व्यवसायी संघ तथा गैरसरकारी संस्था महासंघहरुसँग छलफल गरी तत् तत् निकायबाट सुझावहरु संकलन गरी एकीकृत गरियो । यस आधारमा विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको मस्यौदा तयारी भयो ।

# अध्याय तीन

# विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय रणनीतिक कार्ययोजना

## ३.१ परिचय

विपद् जोखिम न्यूनीकरण स्थानीय रणनीतिक कार्ययोजना सन् २०२०-२०३० विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि प्रतिबद्धता सहितको स्थानीय दस्तावेज हो । यस कार्ययोजनाले विपद् व्यवस्थापनमा "जोखिम न्यूनीकरण" केन्द्रित बृहत्तर अवधारणालाई जोड दिएको छ । यो कार्ययोजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्य ढाँचा सन् २०१५-२०३०, विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-२०३० लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूपलाइ स्थानीयकरण गरी समेटेको छ ।

## ३.२ मार्गदर्शक सिद्धान्त

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरिनेछन्:

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हुनेछ । स्थानीय सरकारले आवश्यक परेमा विभिन्न निकायहरुसँग सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

२. स्थानीय सरकारले स्थानीय सरोकारवाला संघ, संस्थाहरू तथा समुदाय, निजी क्षेत्र, स्थानीय तहमा रहेर काम गर्ने अन्तर्राष्ट्रिय संघ संस्थाहरू लगायतको सहभागिता तथा सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य गर्नेछ ।

३. विपद् जोखिम व्यवस्थापन गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, साँस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रबर्द्धन गरिनेछ ।

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समाजका सबै पक्ष तथा क्षेत्रसँगको सहभागिता तथा साझेदारीमा गरिनेछ । यसका लागि विपद्बाट अति प्रभावित समुदायको सशक्तिकरण गरिनेछ । मुख्यतया अति गरीब समुदायको समावेशी, पहुँचयुक्त तथा विभेद रहित सहभागिता सुनिश्चित गरिनेछ । लिङ्ग, उमेर, अपाङ्गता तथा साँस्कृतिक र भौगोलिक विविधतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ । महिला तथा युवा नेतृत्वलाई प्रबर्द्धन गरिनेछ ।

५. स्थानीय सरकारका सबै सरोकारवाला निकायहरूको पूर्ण सहभागिता, सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूको जिम्मेवारी र भूमिकाको स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रिय संलग्नता, साझेदारी तथा परिपूरकताको सुनिश्चितता गरिनेछ ।

६. स्थानीय तह तथा समुदायलाई श्रोत, साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सशक्तिकरण गरिनेछ ।

७. विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा लिङ्ग, उमेर र अपाङ्गताको आधारमा छुट्टाछुट्टै अद्यावधिक, बृहत्तर, परम्परागत ज्ञानलाई औपचारिक र सम्मानपूर्ण मान्यता दिई विज्ञानमा आधारित तथ्याङ्को सहज उपलब्धता, खुला आदानप्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ ।

८. दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकुलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गरिनेछ ।

९. विपद् जोखिमका स्थानीय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरिनेछन् ।

१०. विपद् जोखिमका कारक तत्वहरूको निराकरणको लागि सार्वजनिक तथा निजी लगानी वृद्धि गरी संघीय सरकारको दिगो विकासको लक्ष्यमा समेत योगदान पुऱ्याइनेछ ।

११. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणा अवलम्वन गरिनेछ ।

१२. विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिवृद्धि गरिनेछ ।

१३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गरिनेछ ।

## ३.३ दीर्घकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

### दीर्घकालीन सोच

तुलसीपुर उप-महानगरपालिकालाई विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील नगरको रूपमा स्थापित गर्दै स्थानीय विकासमा योगदान पुऱ्याउने यस रणनीतिक कार्ययोजनाको दीर्घकालीन सोच रहेको छ ।

### अपेक्षित परिणाम

विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेख्य रूपले कमी ल्याउनु, जीविकोपार्जन, स्वास्थ्य, सम्पत्ति, व्यवसाय र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ ।

**रणनीतिक कार्ययोजनाको उद्देश्य**

प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्य योजनाको उद्देश्य रहेको छ ।

**लक्ष्य**

विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोत साधनहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुर्‍याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलता वृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु रहेको छ ।

### ३.४. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरु

| सि.नं. | सूचकहरु | आधार रेखा २०१९ को औसत | अल्पकालीन लक्ष्य २०२२ सम्म | मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष्य २०३० सम्म |
|---|---|---|---|---|---|
| **१** | तुलसीपुर उप-महानगरपालिकामा विपद्बाट हुने मानवीय क्षति उल्लेख्य रुपमा घटाउने | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनको वार्षिक औसत संख्या | **३** | **२** | **१** | **०** |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या उल्लेख्य रुपमा घटाउने | **२८** | **२१** | **१४** | **७** |
| २ | तुलसीपुर उप-महानगरपालिकामा विपद्बाट प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य मात्रामा कम गर्ने | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारको वार्षिक औसत संख्या | **१०** | **७** | **४** | **१** |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरुको वार्षिक औसत संख्या | **५** | **४** | **३** | **१** |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुनेहरुको औसत संख्या | **१०९** | **८०** | **३०** | **२०** |
| २.४ | विपद्बाट क्षति हुने घरहरुको वार्षिक औसत संख्या | **९८** | **७८** | **४८** | **२०** |
| ३ | तुलसीपुर उप-महानगरपालिकामा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षति उल्लेख्य रुपमा कम गर्ने | | | | |
| ३.१ | विपद्बाट नोक्शान हुने औसत आर्थिक क्षति | **८.३ करोड** | **५ करोड** | **२ करोड** | **५० लाख** |
| ४ | तुलसीपुर उप-महानगरपालिकामा आधारभूत सेवाहरु र महत्वपूर्ण पूर्वाधारमा विपद्ले पुर्याउने क्षति र अवरोध उल्लेख्य रुपमा कम गर्ने | | | | |
| ४.१ | स्वास्थ्य संस्थाका भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | **०** | **१** | **१** | **२** |
| ४.२ | कक्षाकोठाहरुको मर्मत संभार र प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | **०** | **१०** | **२०** | **४०** |
| ४.३ | विद्यालय भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | | | **१** | **२** |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागी नमुना विद्यालय तयार गर्ने | ० | १ | १ | २ |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | ० | १ | २ | ५ |
| ४.६ | खानेपानी संरचनाहरुको मर्मत गरी उत्थानशीलता विकास गर्ने | ० | २ | ५ | ८ |
| ४.७ | एकीकृत जलश्रोत व्यवस्थापनको योजना कार्यान्वयनको प्रतिशत | ० | १० | ४० | ५० |
| ४.८ | वायोइन्जिनियरीङ्ग प्रविधिद्धारा नदी किनारको संरक्षण | ० | २ | ३ | ७ |
| ४.९ | प्रमुख जलाधार क्षेत्रहरुको संरक्षण | ० | | १ | १ |
| ४.१० | ताल, सिमसार क्षेत्र तथा पोखरीहरुको संरक्षण | ० | | १ | १ |
| ४.११ | जलवायुमैत्री कृषि प्रवर्द्धन | ० | | १ | १ |
| ४.१२ | जलवायुमैत्री गाउँ प्रवर्द्धन | ० | | १ | १ |
| ५ | तुलसीपुर उप-महानगरपालिकामा विपद् जोखिम न्यूनीकरणको संस्थागत संरचना तयार गर्ने | | | | |
| ५.१ | उपमहानगरपालिकामा स्थानीय आपतकालीन | ० | १ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यसञ्चालन केन्द्र स्थापना भई सञ्चालन भएको | | | | |
| ५.२ | विपद् तथा जलवायु सूचना केन्द्र सञ्चालन भएको वडा संख्या | **०** | **९** | **१०** | **१९** |
| ६ | तुलसीपुर उप-महानगरपालिकामा बहुप्रकोप, पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको व्यवस्थापन र उपलब्धतामा उल्लेख्य वृद्धि गर्ने | | | | |
| ६.१ | कुल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | | | **५०%** | **१००%** |
| ६.२ | उपमहानगर क्षेत्रभित्रका विपद् प्रभावित स्थानको अनुपातमा सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | | **५०%** | **१००%** |
| ६.३ | सामूदायिक खोज तथा उद्धार टोली गठन भएको वडाहरुको संख्या | | **९** | **१०** | **१९** |
| ६.४ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | | **२५ %** | **५० %** | **१०० %** |

श्रोत :https://bipadportal.gov.np - (३.१)का लागि (विगत १० वर्षको औसत) ट्राफिक प्रहरी (१.२ र २.३)

http://drrportal.gov.np (१.१,२.१,२.२)का लागि

### ३.४ प्राथमिकता प्राप्त क्षेत्रहरू

यस रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मुलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गरेको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्य ढाँचालाई र विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० लाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनाले चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत अल्पकालीन (सन् २०२०-२०२२), मध्यकालीन (सन् २०२०-२०२५), दीर्घकालीन (सन् २०२०-२०३०) र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी निम्न बमोजिमका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिम बारे बुझाई**

प्राथमिकता प्राप्त कार्य १: उप-महानगरको बहुप्रकोपको अवस्था बमोजिम जोखिमको लेखाजोखा

प्राथमिकता प्राप्त कार्य २: उप-महानगरपालिकाको बहुप्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

प्राथमिकता प्राप्त कार्य ३: प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

प्राथमिकता प्राप्त कार्य ४: विपद् जोखिम सम्बन्धी अध्ययन, अनुधान तथा  क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र २ : स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य ५: तुलसीपुर उप-महानगरपालिकामा कानूनी संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य ६: कानूनी तथा नियामक संरचना निर्माण प्राथमिकता

प्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन**

प्राथमिकता प्राप्त कार्य ९: उत्थानशीलता वृद्धिका लागि   लगानी प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य १०: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ११: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य १२: सामाजिक सुरक्षा तथा  बीमा जोखिम हिस्सेदारी मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य १३: प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण


प्राथमिकता प्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास

प्राथमिकता प्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि सञ्चार तथा प्रसारण प्रणाली सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १७: खोज तथा उद्धारको क्षमता अभिवृद्धि

प्राथमिकता प्राप्त कार्य १८: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र अझ बलियो निर्माण" अवधारणा प्रवर्द्धन




**चित्र १ तुलसीपुर उप-महानगरपालिमा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रहरू**

# अध्याय चार

## विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरु

### ४.१. प्राथमिकता प्राप्त १ : विपद् जोखिम बारेको बुझाई वृद्धिअभिवृद्धि

समाज र राज्यको विपद् सम्बन्धी बुझाईले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि गरिने समग्र क्रियाकलापलाई निर्देश गर्दछ । प्रकोपको अवस्था र जोखिम सम्बन्धी सही ज्ञानले विपद् व्यवस्थापनका लागि उचित निर्णय लिन र कार्यान्वयन गर्न मार्ग प्रसस्त गर्दछ । प्रकोपको सम्भावना, समुदायको सम्मुखता र उपलब्ध क्षमताले संकटानता र जोखिमको स्तर निर्धारण गर्दछ । तुलसीपुर उप-महानगरपालिका बहुप्रकोपको उच्च जोखिममा रहेको बिगतका तथ्याङ्कले देखाउँछ । कुन स्थान के कस्ता विपद्को जोखिममा छ, कति समुदाय र जनसंख्या जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्दछन् भन्ने कुरा बहुप्रकोपको लेखाजोखा, जोखिम आँकलन तथा नक्शाङ्कनबाट जानकारी हुने हुँदा बहुप्रकोप जोखिम सम्बन्धी सूचनाहरु, व्यवस्थित तथा अद्यावधिक गरी नीति निर्माण र समुदायलाई सहज उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । विपद् सम्बन्धी सूचना संकलन, प्रशोधन, व्यवस्थापन तथा त्यसको प्रसारको लागि तुलसीपुर उप-महानगरपालिकाको पर्याप्त क्षमता बिस्तार गर्नु आवश्यक पर्दछ । यी सवालहरुलाई सम्बोधन गरी विपद् जोखिमबारे बुझाई अभिवृद्धि गर्न देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु अन्तर्गत अल्पकालीन (२०२०–२०२२), मध्यकालीन (२०२०–२०२५), दीर्घकालीन (२०२०–२०३०) र निरन्तर गरिरहनुपर्ने क्रियाकलापको लागि निरन्तर अवधि किटान गरी रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

**प्राथमिकता प्राप्त कार्यहरु**

#### ४.१.१: उप-महानगरको बहुप्रकोपको अवस्था बमोजिम जोखिमको लेखाजोखा र अनुगमन

तुलसीपुर उप-महानगरपालिका बहुप्रकोपको जोखिममा रहेको छ । भूकम्प, बाढी, सडक दुर्घटना, आगलागी, महामारी  यहाँका दोहोरिइरहने प्रमुख प्रकोपहरु हुन् । बहुप्रकोप सम्मुखता, समुदायको संकटानता र समुदायमा उपलब्ध क्षमताका आधारमा जोखिमको आँकलन, जोखिम नक्शाङ्कन यस उप-महानगरपालिकाले अपनाउनु आवश्यक छ । जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी जोखिमको स्तरको आधारमा भू-उपयोग क्षेत्र निर्धारण गरी कार्यान्वयन गर्न सकेको खण्डमा दीर्घकालीन रुपमा विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ । उप-महानगर विपद्  जोखिम लेखाजोखा र आँकलनको लागि देहाय बमोजिम रणनीतिक क्रियाकलाप निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | उपमहानगरपालिका क्षेत्रभित्रका मुख्य नदी, तथा खोला तथा जलाधार क्षेत्र क्रमशः बबई नदी, पातुखोला, भमके, ग्वार लगायतका अन्य खोलामा बाढी प्रकोप प्रकोप क्षेत्र निर्धारण र नक्शाङ्कन | बबई नदी र पातु, ग्वार, भमके र अन्य खोलाहरुको बाढी प्रकोप क्षेत्र र जोखिम नक्शांकन सहितको नक्शा उपलब्ध भएको हुनेछ । | अल्पकालीन | तुलसीपुर उप-महानगरपालिका | जल तथा मौसम विज्ञान विभाग विभाग, जल तथा उर्जा आयोग, प्रदेश मन्त्रालय, विपत व्यवस्थापन शाखा, विकास साझेदार, विज्ञ परामर्शदाता |
| २ | उपमहानगरपालिकाको वडा नं. ३ र ४ सहित चुरे क्षेत्रमा पहिरो, प्रभावित बस्तीहरुमा पहिरो प्रकोप आँकलन , नक्शाङ्कन गरी जोखिम क्षेत्र निर्धारण गर्ने | पहिरो प्रकोप क्षेत्र र जोखिम नक्शांकन सहितको सहितको नक्शा उपलब्ध भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उप-महानगरपालिका | खानी तथा भूगर्भ विभाग,भू तथा जलाधार संरक्षण विभाग, प्रदेश मन्त्रालय, विकास साझेदार, अनुसन्धान गर्ने संस्था, विश्वविद्यालयहरु, विपत् व्यवस्थापन शाखा, विज्ञ परामर्शदाता |
| ३ | प्रमुख जलवायुजन्य प्रकोप क्षेत्रको आँकलन, नक्शाङ्कन र जोखिम क्षेत्र निर्धारण गर्ने | जलवायुजन्य जोखिम नक्शा तयार भएको हुनेछ । | मध्यकालीन | तुलसीपुर उप-महानगरपालिका | जल तथा मौसम विज्ञान विभाग विभाग, प्रदेश मन्त्रालय,विकास साझेदार, व्यवस्थापन शाखा विज्ञ परामर्शदाता |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | उपमहानगरपालिका क्षेत्रको भूकम्पीय प्रकोप आँकलन, नक्शाङ्कन र जोखिम क्षेत्र निर्धारण गर्ने | उपमहानगरमा भूकम्पीय प्रकोप नशा उपलब्ध भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उप-महानगरपालिका | खानी तथा भूगर्भ विभाग, प्रदेश मन्त्रालय विकास साझेदार, विश्वविद्यालयहरु तथा विज्ञ परामर्शदाता |
| ५ | नगरका जोखिमयुक्त पूर्वाधार, ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरु, सामुदायिक भवनहरु, शिक्षण संस्थाहरु, स्वास्थ्य संस्थाहरु, खानेपानी तथा सरसफाईका संरचनाका जोखिममा रहेका समुदायको तथ्याङ्क लागि भूकम्पीय जोखिम आँकलन एवं नक्शाङ्कन गर्ने र यसलाई होर्डीङबोर्डको माध्यमबाट सार्वजनिक रुपमा जानकारी गराउने | भूकम्पीय जोखिमको जानकारी खुल्ला श्रोतको रुपमा उपलब्ध भएको हुनेछ । | मध्यकालीन | तुलसीपुर उप-महानगरपालिका | खानी तथा भूगर्भ विभाग, विषयगत निकाय तथा विकास साझेदार संस्थाहरु, व्यवस्थापन शाखा नेपाल रेडक्रस सोसाइटी |
| ६ | उपमहानगरपालिकाको जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन भएको हुनेछ | दीर्घकालीन | तुलसीपुर उप-महानगरपालिका | प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानी तथा भूगर्भ विभाग, प्रदेश मन्त्रालय विकास साझेदार, विश्वविद्यालयहरु तथा विज्ञ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | परामर्शदाता |
| ७ | महामारीबाट सुरक्षाको लागि चेतनामूलक तथा सूचनामूलक सामग्रीको विकास, प्रसार तथा सामाजिक परिचालनको काम गर्ने | महामारी रोकथामको जागि सामुदायिक सचेतना बृदि भएको हुनेछ | नियमित | तुलसीपुर उप-महानगरपालिका | वडा कार्यालय, स्थानीय स्वास्थ्य संस्था, नेपाल रेडक्रस तथा विकास साझेदार संस्थाहरु |
| ८ | मुख्य पूर्वाधार संरचना र सेवाहरुका आगलागी नियन्त्रण सम्बन्धी उपकरण राख्ने | आगलागीको जोखिम घट्नेछ | मध्यकालीन | तुलसीपुर उप-महानगरपालिका | वडा कार्यालय, विषयगत निकाय तथा विकास साझेदार संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी |
| ९ | सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान सहित प्रकोप आँकलन तथा नक्शांकन गरी जोखिम क्षेत्र निर्धारण गर्ने | सडक दुर्घटनाको प्रकोप नक्शा उपलब्ध भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उप-महानगरपालिका | पूर्वाधार शाखा प्रदेश मन्त्रालय जिल्ला ट्राफिक तथा प्रहरी कार्यालय तथा साझेदार संस्थाहरु |
| १०. | सडक सुरक्षा सम्बन्धी सचेतनाका लागि जानकारीमूलक सामग्री उपलब्ध गराउने | सडक सुरक्षा सम्बन्धी जानकारी उपलब्ध भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उप-महानगरपालिका | वडा कार्यालय,ट्राफिक प्रहरी कार्यलय,स्थानीय समुदाय |
| ११ | तुलसीपुर उप-महानगरपालिकाको बहुप्रकोपको लेखा जोखा गरी प्राप्त नतीजाको आधारमा प्रकोपको | तुलसीपुर उपमहानगरपालिकाको बहुप्रकोप जोखिमको लेखाजोखा प्रतिवेदन सहित जोखिम | दीर्घकालीन | तुलसीपुर उप-महानगरपालिका | जल तथा मौसम विज्ञान विभाग विभाग, जल तथा उर्जा आयोग, खानी |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रकृति अनुरुपका पूर्वतयारी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने | न्यूनीकरणका काम सुरु भएका हुनेछन् | | | तथा भूगर्भ विभाग, भू तथा जलाधार संरक्षण विभाग, प्रदेश मन्त्रालय,विकास साझेदार, विज्ञ परामर्शदाता नेपाल रेडक्रस सोसाइटी |

### ४.१.२ उप-महानगरपालिकाको बहुप्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

नेपालमा बहु-मापदण्डमा आधारित बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त छैनन् । यस दर्भमा बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्:

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १२. | प्रकोप, सम्मुखता, सङ्कटाउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम गर्न स्थानीय तहमा अन्तर निकाय संयन्त्र स्थापना गर्ने | प्रकोप, सम्मुखता, संकटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उप-महानगरपालिका | स्थानीय विपत् व्यवस्थापन समिति, सामुदायिक विपत् व्यवस्थापन समिति,स्थानिय आपतकालीन संचालन केन्द्र, वडा कार्यालय, नेपाल रेडक्रस तथा विकास साझेदार |
| १३. | स्थानीय तहमा महत्वपूर्ण पूर्वाधारहरू ( आवास, सिंचाई, उद्योग, कृषि, सडक, पशुधन, वन, सिमसार, | सर्वसाधारणका लागि खुला श्रोत स्वरूपमा महत्वपूर्ण पूर्वाधार र आवासको बहु-प्रकोप जोखिम | अल्पकालीन | तुलसीपुर उप-महानगरपालिका | प्रदेश सरकारका मन्त्रालयहरु तथा खानी तथा भूगर्भ विभाग, जल तथा मौसम विज्ञान |

| | | | | | |
|---|---|---|---|---|---|
| | जीविकोपार्जन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना आदि), आश्रयस्थल र जनसंख्याको लागि बहु-मापदण्डमा आधारित विस्तृत बहुप्रकोप जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने | जानकारी उपलब्ध भएको हुनेछ | | | विभाग, सहरी विकास तथा भवन निर्माण विभाग तथा विकास साझेदार |

### ४.१.३ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

विपद् जोखिम व्यवस्थापन सम्बन्धी बुझाई अभिवृद्धि गर्न अध्यापन तथा प्रशिक्षण र अनुभव आदान प्रदानका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यसका लागि आवश्यक संस्थागत व्यवस्था गर्न देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १४. | खुल्ला भौगोलिक सूचना प्रणालीमा आधारित विपद् जोखिम सूचना व्यवस्थापन प्रणालीको विकास गरि सञ्चालन गर्ने | विपद् सम्बन्धी सूचना उपलब्ध भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उप-महानगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विपद् व्यवस्थापन शाखा र विकास साझेदार |
| १५. | जोखिम सुचना साझेदारीका लागि सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु,विकास साझेदार,रेडक्रस अभियान, संचार मिडिया | जोखिम सुचना साझेदारीमा सहकार्य हुनेछ | निरन्तर | तुलसीपुर उप-महानगरपालिका | विपद् व्यवस्थापन शाखा,समुदायमा आधारित संस्था, नेपाल रेडक्रस तथा विकास |

| | | | | | |
|---|---|---|---|---|---|
| | लगायतका सवैसँग स्थानीय स्तरमा सहकार्य गर्ने | | | | साझेदार |
| १६. | जोखिम सूचना साझेदारी गर्न (मोवाइल एप्स, वेभसाइट, एसएमएस, रेडीयो र टेलिभीजन जस्ता प्रविधिको प्रयोग सहित) सञ्चार तथा प्रसार कार्यविधि तयार गर्ने | विपद् जोखिम सूचनाको प्रभावकारी सञ्चार र प्रसार हुनेछ | मध्यकालीन | तुलसीपुर उप-महानगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस, स्थानीय पत्रकार, तथा विकास साझेदार |
| १७. | विद्यमान तथा सम्भावित विपद् जोखिम सम्बन्धी सूचना प्रचार प्रसार गर्न विभिन्न स्थानीय मिडीया (सामाजिक सञ्जाल, छापा, विद्युतीय, श्रब्यदृष्य) को प्रभावकारी प्रयोग गर्ने | स्थानीय तहमा विपद् जोखिमबारे ब्यापक प्रचार प्रसार र जानकारी भएको हुनेछ | निरन्तर | तुलसीपुर उप-महानगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विपद् व्यवस्थापन शाखा, स्थानीय पत्रकार, तथा विकास साझेदार |
| १८. | महिला, बालबालिका, बृद्धबृद्धा, अपांगता भएका ब्यक्ति तथा अन्य संकटाउन्मुख समूह र समुदायसँग जोखिम सूचना साझेदारी तथा आदान प्रदान गर्न संयन्त्र र कार्यविधि तयार गर्ने | संकटान समूह तथा समुदायसँग जोखिम सूचना आदान प्रदान भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उप-महानगरपालिका | समाजिक विकास मन्त्रालय, महिला बालबालिका शाखा, वडा कार्यालय , विभिन्न विकास साझेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | निकाय |

### ४.१.४. विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

नेपालमा विपद् जोखिमबारे बुझाईका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरू गर्नु पर्ने आवश्यकता छ। विद्यमान प्रशिक्षण केन्द्रहरूका क्षमता अभिवृद्धि गर्ने र राष्ट्रियदेखि स्थानीय स्तरसम्म विपद् जोखिम न्यूनीकरणका लागि प्रशिक्षण र अनुधान केन्द्रहरू स्थापना गर्नुपर्नेआवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

| क.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १९. | विद्यालयको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विभिन्न पक्षमा विधागत, विषयगत र अन्तरविषयगत पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापनलाई संस्थागत गर्ने | विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणका लागि दक्ष जनशक्ति विकास भएको हुनेछ | निरन्तर | तुलसीपुर उप-महानगरपालिका | शिक्षा शाखा, प्रदेश सामाजिक विकास मन्त्रालय<br>नेपाल रेडक्रस सोसाईटी र विकास साझेदारहरु |
| २० | राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालय, बिभिन्न अनुधान केन्द्रहरु, सरकारी तथा गैरसरकारी निकाय, विकास साझेदार निकाय तथा सामाजिक संघ संस्थासँगको | उपमहानगरपालिकाको बहुप्रकोप जोखिमको अवस्था अवगत हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विश्वविद्यालयहरु<br>अनुसन्धान केन्द्रहरु तथा विकास साझेदार निकाय |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहकार्यमा नगरको बहुप्रकोप तथा जलवायु जोखिमको अध्ययन अनुधान गर्ने | | | | |
| २१. | जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता वृद्धिका लागि विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण र प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने | विपद् जोखिम व्यवस्थापन सम्बन्धी बुझाईमा वृद्धि भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय नेपाल रेडक्रस सोसाइटी, तालिम केन्दहरु,परामर्शदाता तथा विकास साझेदार निकाय |
| २२ | उद्योगी, व्यवसायी तथा निजी क्षेत्रका सेवा प्रदायकहरुलाई विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षण दिई विपद् व्यवस्थापनमा उनीहरुको सहभागिता, जिम्मेवारीबोध तथा जवाफदेहिता वृद्धि गर्ने | निजी क्षेत्र विपद् जोखिमबारे जानकार भई आफ्नो भूमिकाबारे जिम्मेवार हुनेछन् | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय नेपाल रेडक्रस सोसाइटी, तालिम केन्दहरु,परामर्शदाता, उद्योग बाणिज्य संघ तथा विकास साझेदार निकाय |
| २३. | सडक सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | सडक सुरक्षामा सचेतना वृद्धि भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | वडा कार्यालय ट्राफिक प्रहरी, भौतिक पूर्वाधार शाखा |

## ४.२ प्राथमिकता प्राप्त क्षेत्र २ : स्थानीय विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

विपद् जोखिम शासकीय पद्धतिको स्थापना तथा सुदृढीकरण जोखिम बुझ्ने तथा न्यूनीकरण र व्यवस्थापनको प्रयासका लागि पहिलो अनिवार्य शर्त हो । विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचनाको स्थापना र सुदृढीकरण र आवश्यक नीति तथा कानूनको तर्जुमा गर्नुपर्ने हुन्छ । विभिन्न क्षेत्रगत विकास योजना मार्फत विपद् जोखिम न्यूनीकरणका कार्यलाई मुलप्रवाहीकरण गर्न आवश्यक संयन्त्र र प्रकृया निर्धारण गर्नुपर्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नागरिक सरोकारको सम्बोधन तथा शासकीय पद्धति समावेशी र जोखिममा रहेका समूहमैत्री पनि हुनुपर्छ । संघीय संविधान बमोजिम भर्खरै मात्र संघीय संरचनाको अभ्यास प्रारम्भ भएको छ र सोही बमोजिम विपद् व्यवस्थापनको लागि पनि नयाँ अवधारणा अनुसार संघीय नीति, कानून र रणनीतिक कार्ययोजना तयार भएको अवस्थामा स्थानीय सरकारको तोकिएको काम, कर्तब्य र अधिकार तथा स्थानीय आवश्यकता र संघीय र प्रादेशिक नीति तथा कार्ययोजनाको लक्ष्य पूरा गर्न सहयोग पुग्ने गरी यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत देहाय अनुसारका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छः

### ४.२.१.कानूनी संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

विपद् व्यवस्थापन तीनवटै सरकारको साझा अधिकार क्षेत्रमा पर्ने भएकोले स्थानीय सरकारले पनि आवश्यकता अनुसार कानून तर्जुमा र संस्थागत संरचना स्थापना तथा विद्यमान संरचनाहरुको सुदृढीकरण गर्नुपर्ने हुन्छ । आफ्नो क्षेत्राधिकारभित्र विपद् व्यवस्थापनको शासकीय पद्धति सुदृढ र प्रभावकारी बनाउनु स्थानीय सरकारको जिम्मेवारी हो यसका लागि देहाय अनुरुपका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २४. | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई आधुनिक प्रविधिले भरिपूर्ण बनाई सञ्चालन गर्ने | विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु प्रभावकारी रुपले सञ्चालन भएका हुनेछन् | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | नेपाल रेडक्रस सोसाइटी, परामर्शदाता तथा विकास साझेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| २५. | तुलसीपुर उप-महानगरपालिकामा तोकिए बमोजिम विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत क्षेत्र गठन गरी परिचालन गर्ने | विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु व्यवस्थित रुपले सञ्चालन गर्नका लागि विषयगत क्षेत्रको गठन र परिचालन भएका हुनेछ् | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा विकास साझेदार, नेपाल रेडक्रस सोसाइटी र परामर्शदाता |
| २६. | सबै विद्यालय र अस्पतालहरुमा विपद् व्यवस्थापन समिति गठन गरी कार्य जिम्मेवारी निर्धारण गर्ने | विद्यालय तथा अस्पतालमा विपद् व्यवस्थापन समिति गठन भई कार्य जिम्मेवारी निर्धारण भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा, विब्यस, शिक्षा शाखा, साझेदार संघसंस्थाहरु, नेपाल रेडक्रस सोसाइटी र परामर्शदाता |
| २७. | विपत् जोखिम, विपत् रोकथाम, खोज तथा उद्धारका साथै विपद् पश्चातको पुनर्स्थापना र पुनर्निर्माणको सम्बन्धमा अनुसन्धान र क्षमता विकासको लागि तुलसीपुर उप महानगरपालिकामा एक विपद् जोखिम न्यूनीकरण प्रशिक्षण केन्द्र स्थापना गरिनेछ । | महानगरपालिकामा एक विपद् जोखिम न्यूनीकरण प्रशिक्षण केन्द्र स्थापना भएको हुनेछ | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | संघीय सरकारका मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्युनिकरण प्राधिकरण, प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय नेपाल रेडक्रस, विकास साझेदार |

### ४.२.२.कानूनी तथा नियामक संरचना निर्माण प्राथमिकता

बिगतका कानूनी तथा नीतिगत व्यवस्थाहरुको आधारमा सम्पादन गरिएका कार्यहरुको अनुभवहरुलाई समेत अवलम्बन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको बहु आयामिकतालाई सम्बोधन गर्न समसामयिक कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता भएको हुनाले विपद् व्यवस्थापनका

सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न नगर कार्यपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ बनाएको छ । यस ऐनको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली तयार गर्नु पर्ने आवश्यकता छ । विपद् जोखिम न्यूनीकरणको लागि विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित कानूनी र नियामक संरचनाहरूको पनि विकास गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २७. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली तयार गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन शासन व्यवस्थित र सुदृढ गर्न नियमावली तयार भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा नेपाल रेडक्रस सोसाइटी, परामर्शदाता तथा विकास साझेदार |
| २८. | उपमहानगरको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गर्ने | स्थानीय तहमा प्रभावकारी विपद् तथा जलवायु उत्थानशील योजना तयार भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विपद् व्यवस्थापन शाखा, विकास साझेदारहरु, नेपाल रेडक्रस सोसाइटी तथा परामर्शदाता |
| २९. | विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका लागि स्थानीय नीति, रणनीति र कार्ययोजना तयार गर्ने | उपमहानगरपालिका विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि स्थानीय नीति, रणनीति र कार्ययोजना तयार | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन, विकास साझेदारहरु,नेपाल रेडक्रस सोसाइटी तथा परामर्शदाता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भएको हुनेछ | | | |
| ३०. | स्थानीय सडक सुरक्षा रणनीति तयार गर्ने | स्थानीय सडक सुरक्षा रणनीति तयार भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | ट्राफिक प्रहरी कार्यालय,वडा कार्यालय, विकास साझेदारहरु तथा नेपाल रेडक्रस सोसाइटी |
| ३१. | नेपाल सरकारले निर्माण गरेको सुरक्षित सडकका लागि डिजाईन निर्देशिका कार्यान्वयन गर्ने | सुरक्षित सडकका लागि डिजाईन निर्देशिका कार्यान्वयन भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | पूर्वाधार विकास शाखा, वडा कार्यालय र निर्माण कम्पनी |
| **३२.** | सीट बेल्ट, हेलमेटको प्रयोग र सार्वजनिक यातायात सुरक्षा सम्बन्धी नियमहरुलाई कडाईका साथ लागु गर्ने | सडक प्रयोगकर्ताहरु सचेत र अनुशासित भई सडक दुर्घटना कम भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | वडा कार्यालय ट्राफिक प्रहरी कार्यालय |
| **३३.** | राष्ट्रिय भवन संहिता लागू गर्ने, शहरी तथा ग्रामीण क्षेत्रहरूको लागि भवन संहिता अनुरुप भवन निर्माण विनियम वनाउने | बाढी र भूकम्प प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था लागु भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास शाखा तथा वडा कार्यालय |
| **३४.** | उपमहानगरपालिकाका विकास योजनाहरूमा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहीकरण गर्न निर्देशिका तयार गर्ने | विकास योजना तथा कार्यक्रममा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहीकरण गर्न निर्देशिका तयार भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय विकास साझेदारहरु,नेपाल रेडक्रस सोसाइटी तथा परामर्शदाता |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५. | विपद् जोखिम प्रभाव मूल्याङ्कनलाई स्थानीय वातावरण संरक्षण ऐनमा समावेश गर्ने | विपद् जोखिम प्रभाव मूल्याङ्कन वातावरण संरक्षण ऐन भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा र विकास साझेदारहरु |
| ३६. | प्राकृतिक श्रोत तथा जलाधार ब्यवस्थापन र जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम र कार्ययोजनाहरुमा विपद् जोखिम न्यूनीकरण समावेश गर्ने | प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरूमा विपद् जोखिम न्य’’नीकरण समावेश भएको ह’नेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विकास साझेदारहरु,नेपाल रेडक्रस सोसाइटी तथा परामर्शदाता |
| ३७. | स्थानीय र सामुदायिक विपद् व्यवस्थापन समितिका लागि स्थानीय विपद् जोखिम व्यवस्थापन कार्य सञ्चालन विधि तयार र नियमित अद्यावधिक गर्ने | स्थानीय र सामुदायिक विपद व्यवस्थापन समितिका लागि विपद व्यवस्थापन कार्यसञ्चालनका लागि कार्यविधि तयार भएको हुनेछ । | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | विकास साझेदारहरु, विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी,वडा कार्यालय |
| ३८. | स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रको कार्यसंचालन कार्यबिधि तयार गरी कार्यान्वयन गर्ने | आपतकालीन कार्यसञ्चालन बिधि तयार भएको ह’नेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार |
| ३९. | स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका तयार गरी कार्यान्वयन गर्ने | आपतकालीन कोष कार्यसञ्चालन निर्देशिका तयार गरी कार्यान्वयन भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | उपमहानगरपालिका विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| ४०. | उच्च जोखिममा रहेका बालबालिका, बृद्धबृद्धा, महिला, अपाङ्गता भएका ब्यक्तिको | आपतकालीन अवस्थामा संकटासन्न समूहको संरक्षण भएको | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश सामाजिक विकास मन्त्रालय, गाउँपालिका महिला तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | आपतकालीन अवस्थामा सुरक्षा र संरक्षणको लागि निर्देशिका तयार गरी कार्यान्वयन गर्ने | हुनेछ | | | बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइी, महिला तथा विकास साझेदारहरु |
| ४१. | निजी क्षेत्रहरुको विपद् व्यवस्थापन अभ्यासहरुमा विपद् जोखिम न्यूनीकरण एकीकृत गर्न निर्देशिका तयार गर्ने | निजी क्षेत्रमा विपद् जोखिम न्यूनीकरणको अभ्यास भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | उद्योग बागिज्य संघ, निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ४२. | विपद् पश्चातको खोज उद्धार तथा राहत वितरण स्थानीय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने | उद्धार राहत सम्बन्धी मापदण्ड तथा राहत व्यवस्थापन प्रभावकारी भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | उपमहानगरपालिका विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ४३. | पूर्वाधार योजनाहरुको सम्भाब्यता अध्ययन, डिजाइन र निर्माणका लागि जोखिम सुसूचीत र सुरक्षित हुनेगरी मापदण्ड र मानकहरु तर्जुमा गर्ने | पूर्वाधार योजनाको उत्थानशील डिजाइन र निर्माणका लागि मापदण्ड तयार भएको हुनेछ । | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | उपमहानगर पूर्वाधार विकास शाखा, प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ४४. | विपद्को समयमा पशुपंक्षीको उद्धार र हेरचाह सम्बन्धी निर्देशिका निर्माण र कार्यान्वयन गर्ने | आपतकालीन अवस्थामा पशुपंक्षी उद्धार निर्देशिका निर्माण र कार्यान्वयन भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | उपमहानगरपालिका पशु सेवा शाखा, प्रदेश कृषि मन्त्रालय, विशेषज्ञ परामर्शदाताहरु तथा विपद् व्यवस्थापन शाखा |
| ४५. | हरित पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन (Ecosystem Based Adaptation) मार्फत | हरित पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन मार्फत विपद् जोखिम न्यूनीकरणका लागी मार्गदर्शन तयार | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश सरकार, विशेषज्ञ परामर्शदाताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विपद् जोखिम न्यूनीकरणका लागि मार्गदर्शन तयार गर्ने | भएको हुनेछ | | | निकायहरू तथा अन्य सरोकारवाला, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, सामुदायिक वन उपभोक्ता महासंघ फेकोफन |

### ३. विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि र सहकार्य

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी र परिणाममुखी बनाउन उप-महानगरपालिका स्वयं र यसमा संलग्न सबै निकायहरुको क्षमता बढाउन आवश्यक हुन्छ । यसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छः

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४६. | स्थानीय तहमा रहेर कार्य गर्ने स्थानीय विपद् जोखिम न्यूनीकरण सञ्जाल निर्माण गरी बिस्तार गर्ने | विपद् जोखिम न्यूनीकरणमा सबै सरोकारवालाहरुको सहभागिता सुनिश्चित हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगर पालिका | विपद् व्यवस्थापन शाखा,नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |
| ४७. | विपद् जोखिम व्यवस्थापनमा (जलाधार व्यवस्थापन र पूर्वसूचना प्रणालीका लागि) सम्बन्धित स्थानीय तहबीच संयन्त्र तयार गर्ने | अन्तर स्थानीय तहबीच समन्वय भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगर पालिका | प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, विपद् व्यवस्थापन शाखा,नेपाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रेडत्रस सोसाइटी, स्थानीय सरकार तथा विकास साझेदारहरु |
| ४८. | विपद् व्यवस्थापनमा सम्बद्ध संस्थाहरुको क्षमता वृद्धिअभिवृद्धिका लागि एक आपसमा आदान प्रदानका कार्यक्रम तथा विकास साझेदार संस्थाहरुवीच सहकार्य गर्ने | विपद् व्यवस्थापनमा काम गर्ने संस्थाहरुको क्षमता वृद्धि भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगर पालिका | नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |
| ४९. | समुदायमा गठन भएका सामुदायिक विपद् व्यवस्थापन समितिहरुलाई वडा कार्यालयमा सूचीकृत गरी विपद व्यवस्थापन समिति र सामुदायिक विपद् व्यवस्थापन समितिको सञ्जाल निर्माण र बिस्तार गर्ने | सामुदायिक विपद् व्यवस्थापन समितिको स्थानीय विपद् व्यवस्थापन समितिसँग सहज पहुँच भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगर पालिका | उपमहानगर विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |

### ४.२.४ विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता

महिला, बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समूदाय विपद्को बढी जोखिममा हुन्छन् । विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु यस प्रकारका जोखिममा रहेका समूहलाई प्राथमिकतामा राखेर सञ्चालन गर्नुपर्दछ र उनीहरुको अर्थपूर्ण सहभागिता मार्फत समावेशीताको सुनिश्चितता गर्नुपर्दछ । विपद् जोखिम न्युनिकणमा समावेशीकरणको सुनिश्चितताको लागि निम्न अनुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५०. | उपमहानगरपालिकाको विपद् जोखिम व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना तयार गर्ने | जोखिम व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना तयार भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, विपद् व्यवस्थापन शाखा, महिला तथा बालबालिका शाखा,वडा कार्यालय |
| ५१. | विपद् जोखिम व्यवस्थापनका कार्यक्रममा जोखिममा रहेका नागरिक र समुदायको पहुँच प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि समुदायस्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन गर्ने | विपद् जोखिम व्यवस्थापनका लागि तुलसीपुर उपमहानगरमा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् | मध्यकालीन | तुलसीपुर उपमहानग।पालिका | वडा कार्यालय, नेपाल रेडक्रस सोसाइटी, महिला तथा बालबालिका शाखा तथा विकास साझेदारहरु |
| ५२. | सीमान्तिकृत समूह, महिला, अपाङ्गता भएका ब्यक्ति, बालबालिका, तथा बृद्धबृद्धा जस्ता अति संकटान समुदायका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष | समावेशीकरणका लागि विशेष कार्यक्रम सञ्चालन भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानग।पालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय तथा बालबालिका शाखा तथा विकास |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रमको विकास गरी कार्यान्वयन गर्ने | | | | साझेदारहरु |
| ५३. | विपद् व्यवस्थापनका सबै चरणहरुमा समूह, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, तथा बृद्धबृद्धा जस्ता अति संकटान समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नका लागि निर्देशिकासहित अनुगमन संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने | विपद् व्यवस्थापनका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय,प्रदेश योजना आयोग तथा बालबालिका शाखा तथा विकास साझेदारहरु |

### ४.३ प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन

विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवर्द्धन गर्नुको मूलभूत उद्देश्य उत्थानशीलता वृद्धिका लागि श्रोत परिचालन मार्फत विद्यमान जोखिम न्यूनीकरण गरी सम्भावित क्षतिलाई कम गर्नु हो । सार्वजनिक निजी लगानी सुनिश्चित गरेर जोखिम न्यूनीकरणका क्रियाकलापहरुलाई विकास निर्माणका कार्यमा एकीकरण तथा आन्तरिकीकरण गरी भविष्यमा सृजना हुनसक्ने सम्भावित जोखिमको अन्तरनिहीत कारणहरुको सम्बोधन गरी जनधन तथा विकास पूर्वाधारहरुलाई सुरक्षित गर्न सकिन्छ । यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

#### ४.३.१ उत्थानशीलता वृद्धिका लागि विकास कार्यमा लगानी प्रवर्द्धन र मुलप्रवाहीकरण

सम्भावित तथा विद्यमान विपद् जोखिम न्यूनीकरणका उपायहरु मार्फत उत्थानशीलता वृद्धिका लागि विपद्का अन्तरनिहस्त कारणहरुलाई सम्बोधन गरी विकास कार्यमा मूलप्रवाहीकरण गर्न आवश्यक हुन्छ । यसका लागि निम्नअनुसारका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५४. | उपमहानगरको वार्षिक योजना छनोटदेखि नैं विपद् जोखिम न्यूनीकरण योजनालाई प्राथमिकता दिने | नियमित योजनामा विपद् जोखिम न्यूनीकरण समावेश भएको हुनेछ । | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | समुदाय,वडा कार्यालय,योजना शाखा, भौतिक पूर्वाधार विकास शाखा |
| ५५. | उप-महानगरपालिकाले पूर्वाधार निर्माणका काम गर्दा नयाँ मात्र नभई सुरक्षित र मजबुत निर्माणको विधि अवलम्बन गर्ने | पूर्वाधार संरचनाहरु विपद् जोखिम न्यूनीकरणका दृष्टिले मजबुत हुनेछन | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन वडा कार्यालय,योजना शाखा, भौतिक पूर्वाधार विकास शाखा |
| ५६. | उप-महानगरपालिका क्षेत्रभित्र जोखिम मा रहेका पूर्वाधारहरु ( विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानी तथा सरसफाइका संरचना, सरकारी तथा सावजनिक भवनहरु, ऐतिहासिक सम्पदा र साँस्कृतिक धरोहरहरु) प्रवलीकरणका लागि लगानी बढाउने | जोखिमयुक्त पूर्वाधारहरु सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, प्रदेश योजना आयोग तथा उप महा नगरपालिका विषयगत शाखा |
| ५७. | उपमहानगर क्षेत्रभित्रका सबै विद्यालयलाई मजबुत संरचनाको रुपमा निर्माण, पुननिर्माण तथा प्रवलीकरण गरी सुरक्षित आपतकालीन आवासीय सेवा समेत | सबै विद्यालय उत्थानशील र सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग,प्रदेश शिक्षा निर्देशनालय, वि.व्य.स.गाउँपालिका शिक्षा शाखा विकास साझेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| | दिन सक्ने गरी निर्माण गर्ने | | | | |
| ५८. | बृहत् विद्यालय सुरक्षा अवधारणाको कार्यान्वयन गरी सबै विद्यालयलाई सुरक्षित विद्यालय बनाउने | सबै विद्यालय विपद् जोखिमबाट सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, प्रदेश शिक्षा निर्देशनालय विब्यस,समुदाय, शिक्षा मन्त्रालय,शिक्षा शाखा |
| ५९. | आवश्यक ठाउँमा पोखरीहरुको निर्माण तथा संरक्षण गरी पानी संरक्षण र वर्षाको पानी संकलन तथा पानी उपयोगमा कुशल प्रविधिको उपयोग गर्ने | बाढी, खडेरी तथा आगलागीको क्षति कम भएको हुनेछ | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | वडा कार्यलयहरु, पूर्वाधार विकास शाखा तथा विकास साझेदार |
| ६०. | सरकारी कार्यालयहरु, सामुदायिक भवनहरु, विद्यालयहरु, अस्पतालहरु र आश्रय स्थलहरु र सार्वजनिक पूर्वाधारहरु, बालमैत्री , बृद्धबृद्धा तथा अपाङ्गमैत्री बनाउने | संकटासन्न समूहको उत्थानशीलता वृद्धि भएको हुनेछ | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, शिक्षा शाखा तथा विकास साझेदारहरु |

### ४.३.२. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रमहरु तथा विकास निर्माणका ठूला परियोजना र सडक निर्माण जस्ता कार्यमा जोखिम आँकलनका आधारमा निश्चित प्रतिशत बजेट विपद् जोखिम

न्यूनीकरणको लागि छुट्याउने अनिवार्य व्यवस्था गरी विपद् जोखिम न्यूनीकरणको लागि सार्वजनिक लगानी बढाउन सकिन्छ। यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६१. | उप-महानगरपालिकाको वार्षिक विकास बजेटको ५ प्रतिशत विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउने | विपद् जोखिम न्युनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा तथा नगरकार्यपालिका |
| ६२. | सडक निर्माण लागतको कम्तिमा ५ प्रतिशत रकम सडक सुरक्षाका लागि छुट्याउने व्यवस्था गर्ने | सडक दुर्घटनाको जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | पूर्वाधार विकास शाखा तथा नगरकार्यपालिका |
| ६३. | विकास आयोजनाको बजेटबाट विपद् पश्चात पुनर्निर्माणमा उपयोगी गर्ने अनुमति दिन बजेट रकमान्तरका लागि प्रकृया स्थापित गर्ने | पुनर्निर्माणका लागि लगानी उपलब्ध भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा तथा नगरकार्यपालिका |
| ६४. | उप-महानगरपालिकाको वार्षिक बजेट पद्धतिमा विपद् जोखिम व्यवस्थापन बजेट कोडको व्यवस्था गर्ने | वार्षिक रुपमा विपद् जोखिम न्यूनीकरणको लागि बजेट सुनिश्चित भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा तथा नगरकार्यपालिका |

### ४.३.३ विपद् जोखिम न्यूनीकरणको लागि निजी क्षेत्रको सहभागिता र लगानी वृद्धि

निजी क्षेत्रले एकातिर आफ्नै व्यवसाय र कर्मचारीहरुको सुरक्षा र व्यवसायिक निरन्तरताको लागि लगानी गर्नुपर्दछ भने अकोतर्फ व्यवसायिक उत्तरदायित्वको रुपमा विपद् जोखिम न्यूनीकरणका लागि

लगानी गर्न र व्यवसायिक रुपमा सरकारसँग साझेदारी र नवप्रवर्तनका लागि लगानी गर्ने वातावरण तयार गर्नुपर्दछ । विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको साझेदारी र लगानी वृद्धिका लागि निम्नानुसार रणनीतिक क्रियाकलाप निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६५. | उप-महानगरपालिका भित्रका व्यापारिक प्रतिष्ठान तथा उद्योगलाई विपद्को समयका लागि व्यवसाय निरन्तरता योजना तयार गरी कार्यान्वयन गर्न प्रोत्साहन गर्ने | व्यवसाय निरन्तरता योजना तयार भइ कार्यान्वयन भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | उद्योग बाणिज्य संघ, विपद् व्यवस्थापन शाखा तथा निजी क्षेत्र |
| ६६. | व्यवसायिक सामाजिक उत्तरदायित्व मार्फत विपद जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनर्लाभ र पुननिर्माणका लागि निजी क्षेत्रको लगानी परिचालन गर्ने | विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको लगानी र साझेदारी वृद्धि भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | उद्योग बाणिज्य संघ, विपद् व्यवस्थापन शाखा तथा निजी क्षेत्र |
| ६७. | विपद् जोखिम लगानी तथा जोखिम हिस्सेदारीका लागि सार्वजनिक, निजी संयुक्त लगानी प्रवर्द्धन गर्ने कार्यक्रम तयार गरी परिचालन गर्ने | विपद् जोखिम न्युनीकरणमा निजी क्षेत्रको लगानी र साझेदारी वृद्धि भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | उद्योग बाणिज्य संघ, विपद् व्यवस्थापन शाखा तथा निजी क्षेत्र, सहकारी |
| ६८. | वित्तीय संस्था, सहकारी तथा सामुदायिक संस्थाहरु मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको | विपद् जोखिम न्नीकरणका लागि निजी तथा सामुदायिक लगानी वृद्धि भएको | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | उद्योग बाणिज्य संघ, निजी क्षेत्र, |

| | | | | | |
|---|---|---|---|---|---|
| | लागि सहज वातावरणको व्यवस्था गर्ने | हुनेछ | | | सामुदायिक संस्थाहरु तथा सहकारी |
| ६९. | विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्नका लागि प्याकेज स्थापना र सञ्चालन गर्ने | नवप्रवर्तनका लागि निजी क्षेत्रले लगानी गरेको हुनेछ | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | उद्योग बाणिज्य संघ तथा निजी क्षेत्र |

### ४.३.४ सामाजिक सुरक्षा,बीमा तथा जोखिम हिस्सेदारी मार्फत उत्थानशीलता वृद्धि

विपद् पश्चात् वितरण गरिने राहतलाई सामाजिक सुरक्षा, बीमा, कृषि तथा पशु बीमा, सम्पत्ति बीमा जस्ता जोखिम हिस्सेदारीका उपायहरु मार्फत क्रमशः प्रतिस्थापन गर्न जरुरी छ र सामुदायिक तथा सामाजिक सुरक्षाका क्रियाकलापहरुलाई जोखिम व्यवस्थापनसँग जोडेर सञ्चालन गर्नुपर्दछ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७०. | विपद्को जोखिममा रहेका समूह, समुदाय तथा नागरिक जीवन बीमाको व्यवस्था गर्ने | जोखिममा रहेका नागरिकको उत्थानशीलता वृद्धि भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उप-महानगरपालिका | प्रदेश योजना आयोग, प्रदेश मन्त्रालय, बीमा कम्पनीहरु तथा निजी क्षेत्र |
| ७१. | घर, भवन तथा निजी सम्पत्तिको बीमाको लागि नीतिगत रुपमा सहजीकरण गर्ने | विपद्बाट हुने नोक्शानीको क्षतिपूर्ति सुनिश्चित भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश योजना आयोग, प्रदेश मन्त्रालय, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बीमा कम्पनीहरु, निजी क्षेत्र |
| ७२. | कृषि तथा पशु बीमा कार्यक्रमलाई उपमहानगर क्षेत्रका सबै बस्तीहरुमा बिस्तार गर्ने | कृषि क्षेत्रको उत्थानशीलता वृद्धि भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश योजना आयोग, प्रदेश मन्त्रालय, बीमा कम्पनीहरु, निजी क्षेत्र |
| ७३. | जीविकोपार्जनका आधार, सीप, औजार र लगानीलाई विपद्को अवस्थाबाट जोगाउन योगदानमा आधारित बीमा प्रणालीलाई बिस्तार गर्ने | जीविकोपार्जनमा उपायहरुको बीमा मार्फत उत्थानशीलता वृद्धि भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश योजना आयोग, प्रदेश मन्त्रालय, बीमा कम्पनीहरु, निजी क्षेत्र |
| ७४. | उपमहानगरका सार्वजनिक भवनहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरुको विपद् जोखिम बीमाको व्यवस्था गर्ने | सार्वजनिक भवन तथा पूर्वाधारहरुको विपद् बीमा भएको हुनेछ | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश योजना आयोग, प्रदेश मन्त्रालय, बीमा कम्पनीहरु, निजी क्षेत्र |

## ४.४ प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

यस प्राथमिकता प्राप्त क्षेत्रले प्रभावकारी प्रतिकार्यको लागि आवश्यक पूर्वतयारी र जोखिम न्यूनीकरण सहितको पुनर्स्थापना तथा पुनर्निर्माणलाई समेट्दछ । विपद् पश्चातको प्रतिकार्य, पुनर्स्थापना र पुनर्निर्माण तथा पुनर्लाभका गतिविधिहरुमा बहुप्रकोप जोखिमलाई ख्याल गरी अझ बलियो र सबैप्रकारको जोखिमबाट सुरक्षित निर्माणका लागि आवश्यक रणनीतिक क्रियाकलापहरुलाई समेटेर निम्नानुसारका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

### ४.४.१ प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७५. | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाको आधारमा उप-महानगरपालिकाले गर्ने प्रतिकार्यको लागि स्तरीय कार्यविधि तयार गरी लागु गर्ने | तुलसीपुर उप-महानगरपालिकाको विपद् प्रतिकार्य कायढाँचा तयार भएको हुनेछ | अल्पकालीन | तुलसीपुर उपमहानगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |
| ७६. | आपतकालीन अस्थायी आश्रयस्थलको लागि नगरमा खुल्ला क्षेत्र पहिचान गरी अस्थायी आश्रयस्थल निर्माण गर्ने | आपतकालीन समयको लागि खुल्ला क्षेत्र पहिचान र आश्रयस्थल निर्माण भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |
| ७७. | भण्डारण गृह स्थापना गरी आपतकालीन उद्धार सामाग्री तथा उपकरणहरु र खाद्य तथा गैरखाद्य राहत सामग्रीहरुको व्यवस्थापन र भण्डारण गर्ने | उद्धार तथा राहत सामाग्रीको उपलब्धता सुनिश्चित भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |
| ७८. | स्थानीय तहका भण्डारण गृहहरुमा महिला, सुत्केरी, बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका तथा | आपतकालीन समयमा संकटान समूहको विशेष आवश्यकता सम्बोधनको सुनिश्चिता भएको | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेपाल रेडक्रस |

| | | | | | |
|---|---|---|---|---|---|
| | विरामीका विशेष आवश्यकता पूरा हुने गरी खाद्यान्न, औषधि, सरसफाइका सामाग्री तथा उपकरणहरु पर्याप्त मात्रामा भण्डारण गर्ने | हुनेछ | | | सोसाइटी तथा विकास साझेदारहरु |
| ७९. | प्रत्येक सार्वजनिक, सरकारी र व्यवसायिक भवनमा आपतकालीन निकास मार्ग र आपतकालीन भेला हुने स्थान छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने | सार्वजनिक भवनहरुमा विपद् प्रतिकार्यको लागि पूर्वतयारी भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन शाखा विकास साझेदारहरु तथा परामर्शदाता |
| ८०. | उप-महानगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने | तुलसीपुर उपमहानगरपालिकाको विपद् पूर्वतयारी योजना तयार भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी,विकास साझेदारहरु तथा परामर्शदाता |

### ४.४.२ बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास

बहुप्रकोप जोखिम आँकलन र पूर्वानुमान पद्धतिको सुदृढीकरण गरी पूर्वसूचना प्रणलीसँग जोडेर यसको बिस्तार गर्न आवश्यक छ । विपद् पूर्वसूचनामा जोखिममा रहेका समुदाय र समूहको पहुँच स्थापित गनुपर्दछ । प्रभावकारी प्रतिकार्यका लागि कार्य सञ्चालन प्रक्रिया र विधि तर्जुमा गर्नुपर्दछ । यसका लागि देहाय अनुसारका रण्नीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ८१. | उपमहानगरपालिका भित्र बग्ने प्रमुख जलाधारहरु बबई नदी, पातुखोल, भमके खोला, ग्वार खोला लगायतका अन्य खोलामा बाढीको जोखिममा रहेका क्षेत्रमा पूर्वसूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने | बबई नदी, पातुखोल, भमके खोला, ग्वार खोलाको तटीय क्षेत्रमा पूर्वसूचना प्रणली व्यवस्थित भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा, जल तथा मौसम विज्ञान विभाग, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार तथा परामर्शदाता |
| ८२. | प्रमुख प्रकोपहरुको तथ्याङ्क विष्लेषण र पूर्वानुमान गरी प्रकोप पात्रोको आधारमा पूर्वसूचनामूलक देशहरुको उत्पादन तथा प्रसारण गर्ने | पूर्वसूचनामुलक देशहरु उत्पादन र प्रसारण भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा, जल तथा मौसम विज्ञान विभाग, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार तथा परामर्शदाता |
| ८३. | स्थानीय ज्ञान सीप, अनुभव र परम्परागत असल अभ्यासलाई विपद् पूर्वसूचनाको रुपमा | पूर्वसूचनामा परम्परागत ज्ञान, सीप र अनुभवलाई समेटिएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | सदुपयोग गर्ने | | | | रेडक्रस सोसाइटी, तथा विकास साझेदार |
| ८४. | जल तथा मौसम मापन केन्द्र र स्थानीय सञ्चार माध्यमसँगको समन्वयमा जोखिममा रहेका समुदायको पूर्वसूचनामा पहुँच स्थापित हुने विधि र संरचना तयार गर्ने | संकटासन्न समुदायको पूर्वसूचनामा पहुँच स्थापित भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा, जल तथा मौसम विज्ञान विभाग, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| ८५. | उपमहानगर भित्रका सबै सार्वजनिक भवनहरु, शिक्षण संस्थाहरु, अस्पताल, तथा व्यबसायिक भवनहरुमा आगलागी पूर्वसूचना प्रणाली उपकरणहरु जडान गर्ने | आगलागीको पूर्वसूचनाले क्षति कम भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार |
| ८६. | पूर्वसूचना प्रणालीलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धी तालिम तथा शैक्षिक कार्यक्रमको पाठ्यक्रममा समावेश गर्ने | पूर्वसूचना प्रणालीका बारेमा अध्ययन अध्यापन भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | शिक्षा शाखा, विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सोसाइटी, विकास साझेदार |
| ८७. | विपद् पूर्वसूचनामा जोखिममा रहेका महिला, बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्ति तथा संकटान समुदायको पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने | पूर्वसूचना प्रणालीमा सबैको पहुँच सुनिश्चित भएको हुनेछ | निरन्तर | तुलसीपुर उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार, सामुदागिक विपद् व्यवस्थापन समिति |

### ४.४.३ समुदायमा आधारित विपद् जोखिम न्युनिकरण प्रवर्द्धन

विपद्को समयमा प्रारम्भिक प्रतिकार्यकर्ता समुदाय नै हुन्छ । समुदायमा आधारित संस्थाहरुलाई विपद् जोखिमको अवस्था आँकलन तथा स्थानीय जोखिम न्युनीकरण योजना निर्माणमा सहभागी गराई विपद् सम्बन्धी ज्ञान र सूचना संबाहकको रुपमा विकास गर्नुपर्दछ ।सामुदायिक संस्थाहरुको विकास, विस्तार र सञ्जालीकरणले समुदायको क्षमता अभिबृद्धि हुन्छ । यसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ८८. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरुको स्थापना, विकास र संञ्जालीकरण गर्ने | समुदायमा प्रभावकारी रुपमा विपद् व्यवस्थापनमा सहयोग पुग्नेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | वडा कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| ८९. | स्थानीय स्तरमा हरेक प्रकोपका लागि समुदायमा आधारित पूर्वसूचना प्रणालीको विकास गर्ने | समुदायमा आधारित पूर्वसूचना प्रणालीको विकास भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति, गैससहरु |
| ९०. | समुदायमा आधारित तालिम प्राप्त र इच्छुक स्वयमसेवकहरुको प्रथम खोज तथा उद्धार समूह निर्माण गरी क्षमता विकास गर्ने | समुदायमा तालिम प्राप्त प्रथम खोज तथा उद्धारक उपलब्ध भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| ९१. | विपद् जोखिम व्यवस्थापनका लागि समूदायमा आधारित संस्थाहरु, गैर सरकारी संस्थाहरु, स्थायी प्रकृतिका उपभोक्ता समितिहरु र नागरिक संस्थाहरुबीच सहकार्यको लागि संयन्त्र तयार गर्ने | विपद् जोखिम व्यवस्थापनमा सबै स्थानीय सरोकारवालाहरुको सहभागिता भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | वडाकार्यालय, सामुदायिक विपद् ब्यवस्थापन समिति नेपाल रेडक्रसा सोसाइटी तथा विकास साझेदार |
| ९२. | विपद् जोखिम व्यवस्थापनका कार्यक्रम तथा नीति निर्माणमा महिला, बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका र संकटान समुदायको पहुँच र प्रतिनिधित्व बढाउने । | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समावेशी भएको हूनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | वडाकार्यालय, सामुदायिक विपद् ब्यवस्थापन समिति नेपाल रेडक्रसा सोसाइटी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | तथा विकास साझेदार |

### ४.४.४.विपद् पूर्वतयारीको लागि संचार समन्व तथा सूचना सम्प्रेषण प्रणालीको सुदृढीकरण

आम सञ्चार तथा सूचना प्रविधिको विकासलाई विपद् पूर्वसूचना, पूर्वतयारी र प्रतिकार्यमा व्यवस्थित रुपमा प्रयोग गर्ने संयन्त्र र विधिको विकास गरी विभिन्न माध्यमहरु मर्फत विपद् सूचनामा जोखिममा रहेका समुदायको पहुँच बढाउन आवश्यक छ। यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ९३. | सबै वडामा सामुदायिक विपद् तथा जलवायु सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने | विपद् जोखिमबारे समुदाय सुसूचीत भएको हुनेछ | अल्पकालीन | वडा कार्यालय | वडाकार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| ९४. | आमसञ्चार, स्थानीय र आधुनिक सूचना प्रविधिलाई विपद् जोखिम सचेतना वृद्धिअभिवृद्धि र पूर्वसूचना प्रणालीसँग व्यवस्थित रुपले जोड्न संस्थागत र कार्यक्रम तहको साझेदारी विकास गर्ने | विपद् जोखिमको जानकारी र पूर्वसूचनामा प्रविधिको प्रयोग भएको हुनेछ | अल्पकालीन | उपमहानगरपालिका साझेदार संस्थाहरु | उपमहानगरपालिका विपद् व्यवस्थापन शाखा, पत्रकार महासंघ, सञ्चार संस्था, एफ.एम रेडीयोहरु, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| ९५. | प्रदेश र केन्द्रीय तहसँग समन्वय हुनेगरी विपद् जोखिम न्यूनीकरण वेभ पोर्टल विकास गरी सञ्चालन गर्ने | विपद् सूचना व्यवस्थित भएको हुनेछ | मध्यकालीन | उपमहानगरपालिका साझेदार संस्थाहरु | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, केन्द्र प्रदेश र जिल्ला आपतकालीन कार्यसञ्चालन, नेपाल रेडक्रस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सोसाइटी तथा विकास साझेदार |
| ९६. | विपद् पश्चात्को आवश्यकताको लेखाजोखाको लागि आधुनिक सूचना प्रविधिको उपयोग गरेर द्रुत लेखाजोखा प्रणाली विकास गर्ने | विपद्बाट भएको क्षतिको विवरण तत्काल उपलब्ध भएको हुनेछ | मध्यकालीन | उपमहानगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| ९७. | संकटान समूह तथा फरक क्षमता भएका, दृष्टिविहीन, बहिरा तथा निरक्षरको लागि विशेष प्रकारका सञ्चार तथा प्रसार सामाग्री, विधि र माध्यमको विकास गरी सञ्चालन गर्ने | विपद् सूचनाका समावेशी पहुँच वृद्धि भएको हुनेछ | मध्यकालीन | उपमहानगरपालिका | सामाजिक विकास मन्त्रालय, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र,पत्रकार महासंघ,सञ्चार संस्था तथा नेपाल रेडक्रस सोसाइटी |

### ४.४.५ खोज तथा उद्धार क्षमताको विकास

खोज तथा उद्धार कार्य प्राथमिक रुपमा सुरक्षा निकायको जिम्मेवारी अन्तर्गको विषय भएतापनि सबै स्थानमा विपद्को समयमा तत्काल सुरक्षा निकाय पुग्न सम्भव हुदैन । यसर्थ समुदाय तहमा स्वयमसेवकहरुको प्रथम उद्धारकर्ता टोली तयार गरी क्षमता विकास गर्नुपर्दछ ।त्यसैगरी समुदायतहमा आवश्यक खोज उद्धार सामग्रीको व्यवस्थापन गर्नुपर्दछ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ९८. | उपमहानगरपालिकाका सबै वडामा समूदायमा आधारित खोज र उद्धार कार्यदल गठन गरी प्रथम | वडा तहमा प्रथम उद्धारकको टोली गठन भएको हुनेछ | मध्यकालीन | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय सामुदायिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | उद्धारक (First Responder) का रुपमा तलिम दिने | | | | विपद् व्यवस्थापन समिति तथा विकास साझेदार |
| ९९. | वडा तहमा प्राथमिक उपचार कार्यदल गठन गरी स्थानीय स्वास्थ्य संस्थाहरुसँगको समन्वयमा उनीहरुको क्षमता वृद्धिअभिवृद्धि गर्ने | प्राथमिक उपचारका लागि दक्ष जनशक्ति उत्पादन भएको हुनेछ | मध्यकालीन | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सामुदायिक विपद् व्यवस्थापन समिति,स्थानीय स्वास्थ्य संस्था तथा विकास साझेदार |
| १००. | आगलागी नियन्त्रणका लागि सामुदायिक खोज तथा उद्धार कार्यदलको क्षमता विकासका लागि तालिम दिने | खोज तथा उद्धार टोलीको आगलागी नियन्त्रण सम्बन्धी क्षमता विकास भएको हुनेछ | मध्यकालीन | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय सामुदायिक विपद् व्यवस्थापन समिति तथा विकास साझेदार |
| १०१. | उपमहानगरपालिका क्षेत्रका प्रमुख प्रकोपहरु ( भूकम्प, बाढी, कटान, सडक दुर्घटना, आगलागी, महामारी) को लागि परिदृष्यमा आधारित कृत्रिम घटना अभ्यास नियमित रुपमा सञ्चालन गर्ने | प्रतिकार्यका लागि पूर्वतयारी व्यवस्थित र प्रभावकारी भएको हुनेछ | निरन्तर | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय, सामुदायिक विपद् व्यवस्थापन समिति तथा विकास साझेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| १०२. | वडा तहमा खाद्य, गैरखाद्य तथा औषधि जस्ता मानवीय सहायता सामाग्रीको भण्डारण तथा पुनःभण्डारणको प्रबन्ध गर्ने | स्थानीय तहमा तत्काल राहत सामाग्री उपलब्ध भएको हुनेछ | निरन्तर | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय सोसाइटी, सामुदायिक विपद् व्यवस्थापन समिति,सुरक्षा निकाय |
| १०३. | खोज उद्धार र राहतको क्रममा महिला, बालबालिका, बृद्धबृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षा, संरक्षण र फरक आवश्यकताको लागि विशेष व्यवस्था गर्ने | आपतकालीन अवस्थामा जोखिममा रहेका समूहको संरक्षण भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय तथा विकास साझेदार |

### ४.४.६ पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र अझ बलियो निर्माण" अवधारणा प्रवर्द्धन

तुलसीपुर उप-महानगरपालिका बहुप्रकोपको उच्च जोखिममा रहेकोले विपद् जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्दा बहुप्रकोप जोखिमको ख्याल गर्नुपर्दछ । विपद् पश्चातको पुनर्स्थापना तथा पुननिर्माणलाई अझ राम्रो, अझ बलियो र सुरक्षित निर्माणको अवसरको रुपमा लिएर बहुप्रकोप जोखिमबाट सुरक्षित हुनेगरी पुननिर्माण सुनिश्चित गर्नका लागि आवश्यक नीतिगत र कार्यक्रमगत प्रबन्ध गर्नुपर्दछ । विपद् पुनःस्थापना र पुनर्निर्माणलाई राम्रो, बलियो र सुरक्षित बनाउन देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १०४. | पुर्नस्र्थापना र पुननर्मिाणमा स्थानीय श्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा | पुननिर्माण कार्य मितव्ययी र दिगो भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, नेपाल रेडक्रस |

| | | | | | |
|---|---|---|---|---|---|
| | सीपको उपयोग गर्ने | | | | सोसाइटी, मानवीय तथा विकास साझेदार |
| १०५. | अझ बलियो र सुरक्षित पुननिर्माणको लागि प्राविधिक जनशक्ति, निर्माणकर्मी, डकर्मी, सिकर्मी र आपूर्तिकर्ताको लागि निर्माण तालिम र चेतनामूलक कार्यक्रम मार्फत क्षमता वृद्धिअभिवृद्धि गर्ने | सम्बन्धित निकाय र व्यक्तिको क्षमता वृद्धिअभिवृद्धि भएको हुनेछ | मध्यकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश भौतिक पूर्वाधार तथा विकास मन्त्रालय नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार तथा निर्माण व्यवसायी संघ |
| १०६. | उपमहानगरपालिकाको भू-उपयोग नीति तथा तथा योजना तयार गर्दा बहुप्रकोप जोखिमलाई एउटा आधारको रुपमा लिएर जमिनको बर्गीकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा बस्ती विकास तथा ठूला संरचना निर्माण र उद्योग खोल्न निषेध गर्ने | उच्च जोखिमयुक्त क्षेत्रका समुदाय विपद्बाट सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, प्रदेश भूमी व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालय तथा नगरकार्यपालिका |
| १०७. | जोखिम संवेदनशील भू-उपयोग योजना तथा बहुप्रकोप जोखिम लेखाजोखाको आधारमा उच्च जोखमयुक्त क्षेत्रमा बसोबास गरिरहेका समुदायलाई सुरक्षित स्थान मा स्थानान्तरण | उच्च जोखिमयुक्त क्षेत्रका समुदाय विपद्बाट सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | प्रदेश भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, प्रदेश भूमी व्यवस्थापन, कृषि तथा सहकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्ने | | | | मन्त्रालय तथा नगरकार्यपालिका |
| १०८. | तुलसीपुर उपमहानगर क्षेत्रभित्रका प्रमुख जलाधार क्षेत्र बबई, पातु, ग्वार र भमके खोलाको जोखिम क्षेत्र निर्धारण गरी जोखिममा रहेका बस्तीहरु साथै तटीय क्षेत्र अतिक्रमण गरी बसेका सबै बस्तीहरु क्रमिक रुपमा स्थानान्तरण गर्ने | तुलसीपुर उपमहानगरपालिका जोखिममा रहेका बस्तीहरु साथै तटीय क्षेत्र अतिक्रमण गरी बसेका सबै बस्तीहरु सुरक्षित स्थानमा स्थानान्तरण भएका हुनेछन् । | दीर्घकालीन | उपमहानगरपालिका | विपद् व्यवस्थापन शाखा,प्रदेश मन्त्रालय र केन्द्र सरकार भुमि व्यवस्था,सहकारी तथा गरिबी निबारण मन्त्रालय प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १०९. | विपद् पश्चात्को पुनर्निर्माण तथा जोखिमपूर्ण बस्तीहरु स्थानान्तरण गर्दा भौतिक पूर्वाधारहरुको योजनासहित बहुप्रकोपबाट सुरक्षित एकीकृत बस्ती विकास गर्ने | योजनाबद्ध र सुरक्षित बस्ती विकास हुनेछ | दीर्घकालीन | तुलसीपुर उपमहानगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय,नेपाल रेडक्रस सोसाइटी भौतिक पुर्वाधार विकास शाखा |
| ११०. | सुरक्षित भवन निर्माण, प्रवलीकरण र मर्मत सम्भारका बारेमा सूचना शिक्षा तथा सञ्चार सामग्रीको विकास गरी प्रसार गर्ने | सुरक्षित निर्माण सम्बन्धी चेतनाको विकास हुनेछ | दीर्घकालीन | तुलसीपुर उप-महानगरपालिका | नेपाल रेडक्रस सोसाइटी तथा साझेदार संस्थाहरु |

# अध्याय पाँच

## रणनीतिक योजना कार्यान्वयनको लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरिनेछ :

१ उप महानगरपालिकाको औपचारिक श्रोत बाँडफाँड प्रक्रिया

२.केन्द्र वा प्रदेशवाट प्राप्त हुने आर्थिक सहयोग

३.प्राकृतिक श्रोतसाधनहरू (वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी

४.विभिन्न विकास साझेदारहरु जस्तै द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकाय ,मानवीय सहायतामा काम गर्ने निकाय, रेडक्रस र अन्य दाता बाट प्राप्त हुने रकम र अन्य सहायतालाई यस कार्ययोजनाको कार्यान्वयनका लागि परिचालन गरिनेछ ।

## अध्याय छ

## रणनीतिक कार्य योजनाको कार्यान्वयन

विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकार तथा स्थानीय सरकारी एवं गैरसरकारी सरोकारवालाहरू, विकास साझेदारहरू, राजनीतिक दल तथा भातृ संगठनहरु तथा निजी क्षेत्रहरुको साझा प्रयासको आवश्यकता पर्दछ । विपद् जोखिम न्यूनीकरण विकास प्रक्रियाको एक भाग भएकोले सरकारका सबै विकाससँग सम्बन्धित निकायहरूले सहकार्य र समन्वय गरेर काम गर्नु आवश्यक छ । विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू आवधिक योजना तथा कार्यक्रममा एकीकृत गर्न र प्रगति नियमित अनुगमन गर्न जरूरी छ । विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरिनेछन् ।

१) यस कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि उप-महानगरपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

२) विषयगत क्षेत्र तथा शाखाहरूको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

३) यस कार्य योजनाको योजनाबद्ध कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ का साथै उप-महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ बमोजिम आवश्यक संस्थागत संरचना तयार गरिनेछ

४) यस कार्ययोजना कार्यान्वयनको लागि उप-महानगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा पाँच प्रतिशत वजेट व्यवस्था गर्नेछ ।

५० उप-महानगरपालिकाको भित्र कार्यक्षेत्र भएका सार्वजनिक निकायहरु,विकास साझेदार तथा निजि क्षेत्रको कार्यक्रम तर्जुमा तथा कार्यान्वयनं गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

# अध्याय सात

## अनुगमन, मूल्याङ्कन र पुनरावलोकन

उप-महानगरपालिकाकास्तरमा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन "वार्षिक प्रतिवेदन र अनुगमन प्रणाली" मार्फत गरिनेछ । उप-महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ अनुसार गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले स्थानीय स्तरमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। रणनीतिक कार्य योजनाको आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ । रणनीतिक कार्य योजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरू सहभागी हुनेछन् । रणनीतिक कार्य योजना निम्न अवस्थामा अद्यावधिक गरिनेछ

- स्थानीय सरकारको कानून र नीति परिवर्तन भएमा
- विश्वव्यापी संरचना र विकासक्रमसँग तालमेल मिलाउनु आवश्यक भएमा
- प्रमुख विपद् घटना पछिको सिकाईलाई समेट्न जरूरी भएमा

# सन्दर्भ सामाग्री


नेपालको संविधान २०७२ : नेपाल सरकार

नेपाल विपद् प्रतिवेदन २०१५ : नेपाल सरकार, गृह मन्त्रालय

नेपाल विपद् प्रतिवेदन २०१७ : नेपाल सरकार, गृह मन्त्रालय

विपद् जोखिम न्युनीकरण नीति २०७५ : नेपाल सरकार, गृह मन्त्रालय

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) : नेपाल सरकार, गृह मन्त्रालय

The Hindukush Himalaya Assessment,Mountains,Climate Change,Sustainability and People : इसिमोड २०१९

www.drrportal.com : विपद् जोखिम न्यूनीकरण पोर्टल नेपाल सरकार, गृह मन्त्रालय

Nepal Multidimensional Poverty Index Analysis Towards Action: राष्ट्रिय योजना आयोग २०१८

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७, सातौं संस्करण जिल्ला विपद् व्यवस्थापन समिति,दाङ

पन्धौं योजनाको आधार पत्र : नेपाल सरकार, राष्ट्रिय योजना आयोग २०७६

प्रदेश ५ को वस्तुस्थिति विवरणः पृ.१२६ प्रदेश योजना आयोग बुटवल, नेपाल